
# लेखापरीक्षण प्रतिवेदन

# राजापुर नगरपालिका, बर्दिया

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## राजापुर नगरपालिका, बर्दिया

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/564

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
राजापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
बर्दिया।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १९ करोड ८५ लाख ९४ हजार र एकीकृत स्वास्थ्य तथा पूर्वाधार विकास कार्यक्रमको रु. १ करोड २ लाख ५५ हजार समेत गरी रु. २० करोड ८८ लाख ४९ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु १ अर्व ८२ करोड १६ लाख ७२ हजारको लेखापरीक्षण गरिएकोमा रू ६२ लाख १२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रू ५ लाख ६४ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रू ५६ लाख ४८ हजारमध्ये असुल गर्नुपर्ने रू ३५ लाख ३७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ लाख ९२ हजार र नियमित गर्नुपर्ने रु. १७ लाख १९ हजार रहेको छ । गत वर्षसम्म रु. १२ करोड ८० लाख ५३ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष सम्परीक्षण भएको रू ४७ लाख ५८ हजार समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १२ करोड ८९ लाख ४३ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

३. लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं ।

### अन्य बेहोरा

यस नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी राजापुर नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ । यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक

निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८९ | २२ | ६२,१२,६३० | ० | १ | ५,६४,०६४ | ० | ८९ | २१ | ५६,४८,५६६ | ३५,३७,५१२ | १७,१८,६२२ | ३,९२,४३२ | ० | ० | २१,११,०५४ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बर्दिया | १२,८०,५३,००० | ० | ४७,५८,३७५ | १२,३२,९४,६२५ | ० | ५६,४८,५६६ | १२,८९,४३,१९१ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४६ | निर्माण कार्यको हर्जना | ५,६४,०६४ |
| २ | २०७८/७९ | ५२ | पारिश्रमिक कर | ६,०७५ |
| ३ | २०७८/७९ | ३९ | कार्यसम्पादन जमानत | ४७,२८,३०० |
| ४ | २०७८/७९ | ४४ | करार कर्मचारीहरुलाई महंगी भत्ता | २४,००० |
| जम्मा | | | | ५३,२२,४३९ |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण बक्यौता नरहेको | |

# (८०५५८४०६३०० - राजापुर नगरपालिका, बर्दिया )

# परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस राजापुर नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु राजापुर नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, १२७.०८ वर्ग किलोमिटर क्षेत्रफल तथा ६०८३१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१० देखि २०८०।५।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदन्नमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ रू १,८२,१६,७२,०००.०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २४५११९६१। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
| --- | --- | --- |
| 1 | अमानत बाट असुल हुनबाँकी रकम पालिकाको बेरुजु खातामा दाखिला गरेको | ४८५०० |
| 2 | भ्रमण खर्च बढी भुक्तानी असुल भई पालिकाको बेरुजु खातामा दाखिला गरेको | २१५०० |
| 3 | आन्तरिक ठेक्का तथा अमानतबाट असुल गरेको शुल्कको मूल्य अभिबृद्धि कर राजस्व शीर्षक ३३३१७ मा मिति २०८१।६।२ र १४ गते दाखिला गरेको छ। | २१९५१३३ |
| 4 | विभिन्न कर्मचारीलाई भ्रमण खर्च बढी भुक्तानी भएको असुल गरी पालिकाको बेरुजु खातामा दाखिला गरेको छ। | २८८०० |
| 5 | पेश्की बढी भुक्तानी रु ७२०००। र डीपिआरको बढी भुक्तानी रु ८३०२८ गरी जम्मा रु १५८०२८। पालिकाको बेरुजु खातामा दाखिला गरेको छ। | १५८०२८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१४३९२६५७४। मौज्दात रहेकोमा यो वर्ष रु. १५४६९६५७३। जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१०७६९९९९। बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको ।

२.२ दहत्तर बहत्तरबाट प्राप्त आयः लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७९ को दफा ८ मा प्राकृतिक स्रोतको संकलन तथा विक्रि शुल्क अनुसूची ६ मा तोकिएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरिने तथा दफा ८(४) अनुसार स्थानीय तह र प्रदेशबीच बाँडफाँड गरी ६० प्रतिशत सम्बन्धित स्थानीय तह र ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष नदीजन्य प्राकृतिक श्रोतको उत्खनन रोयल्टीबाट रु.६७४४०८३।११ स्थानीय विभाज्य कोषमा रहेकोमा कानुन अनुसार बाँडफाँड गर्नुपर्दछ ।

२.३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२.४ नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७८।३।२७ च.नं. १२१ को परिपत्र तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८।३।३० च.नं. ५६३ को वित्तीय समानीकरण अनुदानको प्रयोग सम्बन्धमा उल्लेख गरिएको परिपत्रअनुसार नेपाल सरकारलाई स्थानीय तहबाट उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकम प्रशासनिक खर्चको प्रयोजनमा प्रयोग गर्न नमिल्ने र स्थानीय तहले आफ्नो आन्तरिक श्रोत र राजस्व बाँडफाँडको रकमबाट मात्र आफ्नो प्रशासनिक खर्च गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले आ.व. ०७९।८० मा संघीय वित्तीय समानीकरण अनुदान तथा प्रदेश वित्तीय समानीकरण अनुदानको बचत रकम चालु आ.व. ०८०।८१ मा आन्तरिक श्रोततर्फ आम्दानी बाँधेर प्रशासनिक खर्च लागायतमा खर्च गरेको नियमसम्मत देखिएन। समानीकरण अनुदानको बचत रकम आन्तरिक श्रोततर्फ आम्दानी जनाएर तलबभत्ता लगायतका प्रशासनिक खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

२.५ कट्टी रकम भुक्तानी/दाखिला– पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.५०,११७.०० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,११७ |

२.६ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । कार्यालयले आफ्ना सबै कारोबारलाई सुत्र प्रणाली मार्फत गरेर सो को NPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्नेमा पालिकाले उपलव्ध गराएको सुत्र प्रणाली अनुसारको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

- सुत्र प्रणाली प्राप्ति भुक्तानी हिसाब अनुसार पालिकाको यस वर्षको कूल प्राप्ति रु.६७५१८०६५४। मा कूल भुक्तानी रु.७३२९३२६५९। घटाएर बाँकी रहेको रकममा गत वर्षको जिम्मेवारी (धरौटी र संचित कोष ) रु.१५४६९६५७३ जोड्दा वर्षान्तको बाँकी प्राप्ति भुक्तानी हिसाब अनुसार रु.९६९४४५६८। देखिन्छ । बैंक नगदी किताब अनुसार वर्षान्तको बाँकी रकम रु.९२८०२३३९।३३ रहेको देखिन्छ ।

- पालिकाले सुत्र प्रणालीको प्राप्ति भुक्तानी हिसाबमा CGAS तर्फको सामाजिक सुरक्षाबापतको निकाशा/ खर्च रु.१९८५९४२६२। र एकिकृत स्वास्थ्य तथा पूर्वाधार विकासतर्फ रु.१०२५५७२०। गरी कूल रु.२०८८४९९८२। समावेश गरेको छैन । तोकिए बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

## ३ आन्तरिक नियन्त्रण प्रणाली

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन,

· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन,

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,

· विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी रहेको पाइयो,

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो,

· वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन,

· साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ,

· कतिपय सडक तथा कुलो÷नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुनसक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ,

· जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ,

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन,

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,

· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन,

· वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको,

· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,

· निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन,

· निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले कर्मचारीहरूको तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाइयो । नियमानुसार तलबी प्रतिवेदन पारित भएको छैन,

· पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक गरेको छैन,

· पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वासनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ आन्तरिक लेखापरीक्षण - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

३.३ बेरुजु लगतः बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत, म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन, म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ रकमान्तर- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहको कार्यपालिकाले स्वीकृत वार्षिक स्वीकृत बजेटको आधारमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने उल्लेख छ । यो वर्ष पटके निर्णयबाट ४२ वटा बजेट तथा कार्यक्रमबाट रु.१० करोड ९८ लाख २७ हजार घटाई विभिन्न ४२ योजना तथा कार्यक्रममा रु. ६ करोड २४ लाख २७ हजार बढाई अर्थात बजेट रु ९३ करोड २ लाख ७० हजारको ११.८१ प्रतिशत रकमान्तर भएको छ । कुनै शीर्षकलाई शुन्य पारेर त कुनै शीर्षकमा २५ प्रतिशत भन्दा माथि रकमान्तर गरेको देखिन्छ । यसले गर्दा कानुनको पालना भएको देखिएन । अतः योजनाको विस्तृत सर्भेक्षण तथा प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरेर कार्यक्रम कार्यान्वयनमा कार्यालयले बिशेष ध्यान दिनुपर्दछ ।

४.२ बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.३ बजेट सीमा निर्धारण समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.४ योजना तथा वजेट कार्यान्वयन - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.२२२९५६४२१। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

• त्रैमासिक पूँजीगत खर्चःआर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २२२९५६ | २८९५१ | २७१९९ | २७९५८ | १३८८४८ | १००८११ |
| प्रतिशत | | १३ | १२ | १३ | ६२ | ४५ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजिगत तर्फ वार्षिक रु.२२ करोड २९ लाख ५६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२ करोड ८९ लाख ५१ हजार (१३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ७१ लाख ९९ हजार । (१२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ७९ लाख ५८ हजार ( १३ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१३ करोड ८८ लाख ४८ हजार । (६२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१० करोड ८ लाख ११ हजार (४५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

४.५ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नाअनुसार १० वटा वडाको लागि वडागत र पालिकास्तरका कुल ४२६ योजनामा वजेट विनियोजन गरेको छ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि २ लाखसम्म | | रु. २ लाखदेखि ५ लाखसम्मका | | रु. ५ लाख देखि १० लाखसम्मका | | रु. १० लाखभन्दा बढीको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | |
| १४० | ८२५६ | ७३ | १३६४० | ११३ | ४२८९३ | ३७ | ३१०३२ | ६३ | ३७००७५ | ४२६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ३८ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

४.६ अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष भैपरी आउने खर्च शीर्षकमा रु.५० लाख अबण्डा बजेट व्यवस्था गरी १२ योजनामा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

४.७ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 33225000 | 14542944 | 2.08 |
| २ | सामाजिक विकास | 405845000 | 342800970.5 | 49.07 |
| ३ | पूर्वाधार विकास | 291755000 | 185661881 | 26.57 |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 7120000 | 5134017 | 0.735 |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | 192325000 | 150494259.4 | 21.54 |
| कुल जम्मा | | 930270000 | 698634071.9 | 100 |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.०७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ०.७३ प्रतिशत रहेको छ ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६८१४३९८८। राजस्व बाँडफाँड र अनुदानबाट रु. ५६६४८११२४ समेत रु.६३४६२५११२। आम्दानी भएकोमा चालु तर्फ रु.४७५६७७६५०। र पूँजिगत तर्फ रु.२२२९५६४२१। समेत रु.६९८६३४०७१। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ९.७५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु. खर्च भएको छ जुन आन्तरिक आयको ७१.८१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८४ प्रतिशत चालु र ४० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ तलवी प्रतिवेदन- निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई

पालिकाका कर्मचारीको रु.२४५२००००। खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

५.२ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३५ जना स्थायी र ५ सेवा करार पदपूर्ति भएको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत शिक्षा, अधिकृत प्रशासन, सि डि ई, जनस्वास्थ्य अधिकृत, आलेप अधिकारी सहित १३ पदहरू रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.३ कर्मचारी व्यवस्था - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने गरेको देखियो । यस सम्बन्धमा कार्यालयले रिक्ति दरबन्दीको लागि लोकसेवा आयोगमा माग आकृति भरि माग गरेकोमा हालसम्म पदपूर्त नभएको र पालिकाले आफ्नो कार्यालयको कार्यवोझको आधारमा O&M गरी सभाबाट पारित भई अर्थमन्त्रालय समेत पठाएकोमा स्वीकृति नभएकोले हाल कार्य सञ्चालनको लागि नभई नहुने अवस्था भएर करारमा पदपूर्ति गरेको जवाफ दिएको छ ।

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| ईन्जिनियर | १ | ५७७८१४ |
| सव ईन्जिनियर | २ | ९२२९८० |
| सर्वेक्षक | १ | ४६१४९० |
| अ स ई | १ | ४०२६०० |
| जम्मा | | २३६४८८४ |

५.४ अवकास कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.३० लाख ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

## ६ सेवाप्रवाह विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष १९ वटा कानून तथा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ११३२ वटा, मृत्यु दर्ता ३९९ वटा, बसाईँसराइ ३३२ वटा, विवाह दर्ता ५९१ वटा, सम्बन्ध विच्छेद दर्ता ४६ वटा गरेको विवरण प्राप्त भएको छ ।

कालोपत्रे सडक ३.६ कि.मि. ग्रभेल सडक निर्माण १६.९ कि.मि. निर्माण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा समेत सुधार गर्नु पर्ने देखिन्छ ।

## ७ आन्तरिक आय तर्फ

७.१

**कर तथा शुल्क असुली** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानीशीर्षक | अनुमान | यसमहिना सम्मको आम्दानी | प्रतिशत |
|---|---|---|---|---|
| 1 | सम्पती कर | ८००००० | ८६३९२८ ।१७ | १०८ |
| 2 | भुमिकर/मालपोत | २०२००००० | २७९०१२०४ ।५९ | १३८ |
| 3 | वहाल कर | १८७०००० | १८०३८५२ ।२१ | ९६ |
| 4 | वहालविटौरी कर | १२००००० | ६११०५१ ।३८ | ५१ |
| 5 | अन्यमनोरञ्जन कर | ० | १३६७२ ।५ | १३६७२५० |
| 6 | कृषितथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ० | २०५० | २०५००० |
| 7 | अखेटोपहारमालाग्ने कर | ० | २५२९५ | २५२९५०० |
| 8 | अन्य कर | ० | ७९३८६७६ ।८१ | ७९३८६७६८१ |
| 9 | सरकारीसम्पत्तीको वहालबाट प्राप्त आय | ० | २२१६४२ | २२१६४२०० |
| 10 | अन्यबिक्रीबाट प्राप्त रकम | ० | १४०३६८०० | १४०३६८००००० |
| 11 | विद्युतसेवा शुल्क | ० | १२७० | १२७००० |
| 12 | अन्य सेवाशुल्क तथा बिक्री | ० | १०१२४५९ ।२९ | १०१२४५९२९ |
| 13 | न्यायिकदस्तूर | ० | ६०८० | ६०८००० |
| 14 | अन्यप्रशासनिक सेवा शुल्क | ० | १५९२२१५ ।२९ | १५९२२१५२९ |
| 15 | पार्किङ्गशुल्क | २५०००० | १७५००० | ७० |
| 16 | नक्सापासदस्तुर | १८००००० | १६५५१९ ।२ | ९ |
| 17 | सिफारिशदस्तुर | ४५००००० | ३४०८७७१ ।६८ | ७६ |
| 18 | व्यक्तिगतघटना दर्ता दस्तुर | ३५०००० | ५२४६७० | १५० |
| 19 | नाताप्रमाणित दस्तुर | २००००० | १६२०० | ८ |
| 20 | अन्यदस्तुर | २००००० | १३८४३५ | ६९ |
| 21 | अन्यक्षेत्रको आय | ७१८००००० | ० | ० |
| 22 | न्यायिकदण्ड, जरिवाना र जफत | ० | १५०० | १५०००० |
| 23 | प्रशासनिकदण्ड, जरिवाना र जफत | ३५०००० | ११५०० | ३ |
| 24 | अन्यराजस्व | १५९००००० | ६६७९८०१ | ४२ |
| 25 | व्यवसाय कर | १०००००० | ९२७९९० | ९३ |
| 26 | बेरूजू | १००००० | ६४४०४ | ६४ |
| | जम्मा | १२०५२००११ | ६८१४३९८८ ।१२ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

७.२ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१२०५२००००। प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.६८१४३९८८.१२ अर्थात अनुमान भन्दा ५६.५४ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५६६४८११२४ | ६८१४३९८८.१२ | १२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७.३ व्यवसाय कर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१० लाख को आय अनुमान गरी रु.९२७९९०। कर सङ्कलन गरेकोमा स्थानीय तह ERP प्रणाली लागु गरेको नदेखिएकोले ERP प्रणाली अनुसार पालिका भित्रका विभिन्न कारोवार गर्ने बैङ्क, वित्तीय संस्था, सहकारी, होटेल, स्टेशनरी लगायत व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आन्तरिक आयको स्रोत बढाउने तर्फ ध्यान दिनुपर्दछ । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## ८ अनुदानको अनुगमन

अनुदानको अनुगमन सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको देखियो। तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## ९ आर्थिक सहायता

आर्थिक सहायता - पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष कार्यविधि तयार गरी विभिन्न ५९४ संघसंस्था र व्यक्तिहरुलाई लागि रु.१७३२५००। आर्थिक सहायता वितरण गरेको भए पनि कुनै कुनै आर्थिक सहायता कार्यविधिको परिधिमा भन्दा बाहिर गएर वितरण गरेको समेत देखिन्छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड परिधिमा रहेर आर्थिक सहायता वितरण कार्य गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## १० सम्पत्ति उपयोग र संरक्षण

१०.१ सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण

हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नु पर्ने व्यहोरा गतविगतको प्रतिवेदनमा उल्लेख भए पनि कार्यान्वियनको अवस्था खुलाएको छैन । यसमा सुधार हुनु पर्दछ ।

१०.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोगः पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ। पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो। पालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नुपर्दछ ।

सार्वजनिक सम्पत्तिको रेखदेखः सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण -स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन ।पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ ।

सम्पत्ति व्यवस्थापन र सुरक्षाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानदा अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखा परीकटकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार परी प्रतिवेदन गर्नुपर्दछ कार्यालयले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनु पर्दछ ।

१०.३ सवारीसाधन खरिद– अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान मोटरसाईकल र १ थान जीप खरिद गरी रू. ५४ लाख खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ ।

१०.४ **जिन्सी निरीक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

## ११ कानून निर्माण एवं कार्यान्वयन

११.१ कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, ५ वटा नियमावली, ४१ कार्यविधि समेत ७५ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

११.२ न्यायिक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४, यो वर्ष थप भएको २१ वटा समेत २५ वटा मुद्दा रहेकोमा १७ वटा फर्स्योट भई ८ वटा बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १२ खरिद तथा ठेक्का अभिलेख

ठेक्का अभिलेखः- सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## १३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ४६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १४ धरौटीको अभिलेख

धरौटीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६४ बमोजिम प्राप्त गरेको धरौटी रकमको व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी कुन कामको लागि आम्दानी भएको हो सो समेत खुलाई राख्नु पर्ने उल्लेख छ । कार्यालयको विभिन्न

योजनाको रकम धरौटी कट्टा गरेकोमा कुन मितिमा कति रकम जम्मा गरेको हो सो को विस्तृत विवरण सहितको धरौटी खाता हुनुपर्नेमा सो नभई गत बर्षको अल्या गर्दाको मितिमात्र देखिने हुनाले कुन निर्माण व्यवसायी तथा व्यक्ति/संस्थाको कुन मितिमा रकम कट्टा गरेको सो मिति नखुल्ने र धरौटी अल्या गरेको मिति मात्र देखिने भएकाले कहिलेसम्म म्याद छ सो बारेमा यकिन नहुने भएकाले धरौटी रकम फिर्ता लिन पाउने म्याद समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता दिनु पर्ने व्यवस्था अनुरुप फिर्ता गर्नुपर्ने अन्यथा राजस्व आम्दानी बाँधि सदरस्याहा गर्नुपर्ने यकिन गर्न सकिएन यसको लागि कार्यालयले धरौटीको व्यक्तिगत खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

१५ **धरौटी**

धरौटीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ बमोजिम प्राप्त गरेको धरौटी रकमको व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी कुन कामको लागि आम्दानी भएको हो सो समेत खुलाई राख्नु पर्ने उल्लेख छ । कार्यालयको विभिन्न योजनाको रकम धरौटी कट्टा गरेकोमा कुन मितिमा कति रकम जम्मा गरेको हो सो को विस्तृत विवरण सहितको धरौटी खाता हुनुपर्नेमा सो नभई गत बर्षको अल्या गर्दाको मितिमात्र देखिने हुनाले कुन निर्माण व्यवसायी तथा व्यक्ति/संस्थाको कुन मितिमा रकम कट्टा गरेको सो मिति नखुल्ने र धरौटी अल्या गरेको मिति मात्र देखिने भएकाले कहिलेसम्म म्याद छ सो बारेमा यकिन नहुने भएकाले धरौटी रकम फिर्ता लिन पाउने म्याद समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता दिनु पर्ने व्यवस्था अनुरुप फिर्ता गर्नुपर्ने अन्यथा राजस्व आम्दानी बाँधि सदरस्याहा गर्नुपर्ने यकिन गर्न सकिएन यसको लागि कार्यालयले धरौटीको व्यक्तिगत खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

१६ **पदाधिकारी थप सुविधाः**

पदाधिकारी थप सुविधाः स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक, २०७६ अनुसार पदाधिकारीहरुको सुविधामा अतिथि सत्कार बापत मासिक उक्त ऐनको अनुसुचीमा तोकिएबमोजिम पाउने र उक्त ऐनको दफा १४ मा यस ऐनमा तोकिए भन्दा बाहेकको सुविधा लिन नमिल्ने उल्लेख छ । यस पालिकाका पदाधिकारी मासिक वडा कार्यालयमा अतिथि सत्कार खर्च भनेर बजेट छुट्टाई रु.८०७७८६। खर्च लेखेकोमा ऐन अनुसार पदाधिकारीहरुलाई अतिथि सत्कार शीर्षकमा रकम भुक्तानी गरि रहेको र वडा कार्यालयलाई विविध खर्च शीर्षकमा पनि रकम भुक्तानी गर्ने भएकाले दोहोरो रकम भुक्तानी नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,०७,७८६ |

१७ **सचिव र सल्लाहकार**

सचिव र सल्लाहकार – स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक, २०७६ अनुसार यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा सहायक चौथो स्तरको तलब भत्ता भुक्तानी हुने गरी श्री सनिप रिजाललाई दैनिक ज्यालादारीमा करारनामा नियुक्त गरी दैनिक रु.११७७। का दरले रु.३५९०८६। भुक्तानी भएकोले नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,५९,०८६ |

१८ **फुटकर खर्च**

२३/०८०।५।१५ भ्रमण खर्च नियमावली, २०६४ को नियम कार्यालयको कामको सिलसिलामा काममा खटिदा नियमानुसार अनुसूचिमा तोकेको दरमा भ्रमण खर्च पाउने व्यवस्था उल्लेख छ ।कार्यालयको कामको सिलसिलामा २०८०।४।१८ देखि २०८०।४।२४ सम्म वडा अध्यक्ष रामचन्द्र चौधरीलाई भ्रमण खर्च भुक्तानी दिदाँ नपाउने फुटकर खर्च रु ३४३७। समेत भुक्तानी गरेको देखिएकोले नियमावलीको व्यवस्था भन्दा बढी हुने गरी भ्रमण विल पेश गरी भुक्तानी लगेकोले नपाउने रकम समन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४३७ |

## १९ कार्यक्रम तथा तालिम

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद नं ७.१.१५ अनुसार सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिम तथा गोष्ठिमा नगरपालिकामा प्रशिक्षकलाई प्रति सेसन कार्यपत्रको रु.८००। र कक्षा सञ्चालनको रु.७००। भुक्तानी गर्न सकिने तथा उपस्थित सहभागिलाई यातायात खर्च दिदाँ २ सम्मको लागि एकमुष्ट रु.२०० र २ दिन भन्दा बढीकोमा एकमुष्ट रु.५०० भुक्तानी दिन सकिने उल्लेख छ । यस नगरपालिकाबाट सञ्चालन भएको देहायका कार्यक्रममा सहभागि तथा प्रशिक्षकलाई निर्देशिका भन्दा बढी हुने गरी रकम भुक्तानी गरेको देखियो । कार्यक्रममा निर्देशिका विपरित खर्च गरेको जम्मा रु.११०६६०। कार्यक्रम संयोजकलाई जिम्मेवार वनाई असुल हुनुपर्ने रु.

| गो.भौ./मिति | कार्यक्रम | विवरण | भुक्तानी दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १९।०८१।१।१२ न्यायिक समिति | ३ दिने मेलमिलाप र कानून सम्बन्धि तालिम | प्रशिक्षक २ जना ६ सेसन(कार्यपत्र) | २००० | १२०० | १२२४० |
| १९।०८१।१।१२ | ३ दिने मेलमिलाप र कानून सम्बन्धि तालिम | प्रशिक्षक २ जना ६ सेसन(कक्षा सञ्चालन) | १००० | ३०० | ३०६० |
| ३३।०८०।१२।२५ नगरपालिका चालु | हाम्रो भौरा राजापुर विषयको पाठ्यक्रम सम्बन्धि तालिम | प्रशिक्षक २ जना ४ सेसन(कार्यपत्र) | २००० | १२०० | ८१६० |
| ६९।०८१।३।२१ नगरपालिका चालु | विषयगत र तहगत शिक्षक अभिभावकसँग १ दिने अन्तरक्रिया कार्यक्रम | ५४ जना सहभागि | ५०० | ३०० | १६२०० |
| ६९।०८१।३।२१ नगरपालिका चालु | विषयगत र तहगत शिक्षक अभिभावकसँग ३ दिने अन्तरक्रिया कार्यक्रम | ७१ जना सहभागि | १५०० | १००० | ७१००० |
| जम्मा | | | | | ११०६६० |

| असुल गर्नुपर्ने | १,१०,६६० |
|---|---|

## २० अन्य संस्थालाई अनुदान

१४९४।०८१।१।२८स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस वर्ष जिल्ला स्थित सञ्चार माध्यमका पत्रकार ५ जनालाई मोबाईल र ४ जनालाई ल्यापटप विसुद्ध व्यक्तिगत प्रयोजनको लागि रु.२७८३१५। मूल्य बराबरका सामानहरु निशुल्क वितरण गरेको तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो वितरण मुखि कार्यक्रम नियमसम्मत नदेखिएको रु.

**कार्यालयको भनाईः** नगरपालिका भित्रका सक्रिय सञ्चार कर्मीहरुले विपदको वेला यहाका नागरिकलाई सचेतना तथा सन्देश प्रवाहमा ठूलो योगदान दिएकाले सम्मान तथा प्रोत्साहनका लागि मेसिनरी औजारहरु हस्तान्तरण गरेको हो ।

| असुल गर्नुपर्ने | २,७८,३१५ |
|---|---|

## २१ अन्य शीर्षकको खर्च

५१।०८१।३।२३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ अनुसार खर्च गर्दा स्वीकृत बजेटको परिधि भित्र रहि खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ अनुसार सीमा नाघी खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले महिला जेष्ठ नागरिक तथा बालबालिका शिर्षकमा विनियोजन गरेकोमा न्यायीक समितिको बैठक भत्ता शीर्षकको कागजात राखि रु. १२९७५०।०० खर्च गरेकोले अन्य शीर्षकमा खर्च गर्नु नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | १,२९,७५० |
|---|---|

## २२ अनुदानको अनुगमन

१९७१।०८१।३।१८ सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि क्षेत्रमा सहयोग पुर्‍याउने उद्देश्यले करार खेतीकोको लागि जग्गा भाडामा लिनको लागी पालिकाले रु.५ लाख बजेट विनियोजन गरी २१ जनालाई रु.५ हजार देखि रु.२० हजारसम्म जम्मा रु.३८१६१०। अनुदान वितरण गरेको देखियो । पालिकाबाट बितरण भएको अनुदानको वितरण आधार तथा मापदण्ड समेत निर्धारण नगरेको कारण अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

## २३ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०८०।८१ मा कन्टीन्जेन्सी बापत रु.५ करोड ९० लाख कट्टी गरेकोमा रु.५० लाख खर्च गरेको छ । यसरी खर्च गरेको रकमको सवै चालु प्रकृतिका भ्रमण खर्च तथा कार्यालय सामान खरिद गरी खर्च गरेको र कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको देखिएन ।

## २४ कार्यालय सामान सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष चालु खर्च शीर्षकबाट कार्यालय सामाग्रि तथा मसलन्दमा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै कोटेशनबाट रु.२७०९६६८। खर्च गरेको देखियो । पालिकाले बार्षिक खरिद योजना वनाई सोहि योजना अनुसार प्रकृया अपनाई खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## २५ प्राविधिक परीक्षणः

सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ।कार्यालयले देहाय बमोजिम विभिन्न मालसामान खरिदमा खरिद गरे पश्चात उल्लेखित सामानहरुको प्राविधिक परीक्षण नगरेको हुँदा कार्यालयले प्राविधिक परीक्षण पेश हुनुपर्दछ ।

| सि.नं | गो.भौ/मिति | विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १३७/२०८०/१०/१५(संघ चालु) | मेडिकल सामाग्रि खरिद | ९९६४९०.० | १०० थान वि पि सेट,२५० थान थर्ममिटर,५८ थान सोल्टर स्केल र १५० थान |
| | ३३/२०८१/०३/२३(शसर्त पुँजिगत) | नविकरणिय उर्जा प्रविधि सामाग्रि खरिद | ७६३९८०.० | सोलार प्यानल,ब्याट्रि आदि |
| **जम्मा** | | | **१७६०४७०.०** | |

२६ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली,२०६४ को नियम ७ को उपनिमय ११ अनुसार सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर कुनै पनि किसिमका भत्ता नपाउने उल्लेख छ । यस पालिकामा स्थानीय कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी हुने गरेकोमा भ्रमण अवधिभरको कुनै पनि कर्मचारीहरुको नियमावली अनुसार भ्रमण खर्च भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरी भुक्तानी गर्नुपर्नेमा नगरी भुक्तानी गर्ने गरेकोले नियमावली अनुसार नपाउने रकम कट्टा गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२७ **भ्रमण खर्च**

भ्रमण खर्च लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७५ तथा भ्रमण खर्च नियमावली २०६४ बमोजिम पालिकाले कर्मचारी तथा पदाधिकारीहरुको भ्रमण खर्चबापत यस वर्ष रु.३०५२४४६। खर्च गरेको देखिन्छ । भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,

• नियमानुसार भ्रमण अभिलेख खाता आंशिकमात्र राख्ने गरेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित खर्च भुक्तानी गर्ने गरेको,

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोग हुने सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

२८ **परामर्श सेवाः**

कार्यालयले आ.व. २०८०/८१ मा परामर्श सेवा खरिदमा कुल रु.३४२०२९६.० खर्च गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।

२८.१ **लागत अनुमानः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२(क),(ख),(ग) मा परमामर्श सेवाको लागत अनुमान सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स,सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त,सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने व्यवस्था छ।कार्यालयले देहाय बमोजिमका परामर्श सेवा खरिदमा Team Leader,GIS Expert,Environmentalist/Agriculturalist,Remote Sensing Expert,Geologist,Civil Engineer,Sociologist,Sub-Engineer,Surveyor जस्ता विज्ञहरुको आवश्यकता कस्ता कार्यको लागि सम्बन्धित विज्ञताको आवश्यक हुने सम्बन्धमा नियमावलीले तोकेका आधारहरुलाई पालना नगरी तथा स्पष्ट आधार बेगर लागत अनुमान तयार गरेको पाईयो ।कार्यालयले नियमावली बमोजिम काम कारवाही गर्नुपर्दछ ।

| क्र.सं. | गो.भौ/मिति | कामको विवरण | परामर्शदाता | लागत अनुमान | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | २३४५/२०८१/०३/२४ (न पा चालु) | Preparation of Land Use Zoning Map of Rajapur Municipality (RM/RFP/01-2080-081) | रिलेएवल ईन्जिनियरिङ कन्सल्टेन्सी,बर्दिया | १९७६३९८.२५ (भ्याट सहित) | १९५०५००.० |
| २ | २१०५/२०८१/०३/२४ | Detail Engineering Survey,Design,Drawing and Cost Estimate of Jamunabojhi-Kantipur-Udaypur hudai Jhapti Sadak(2700 m), 3 no ward Bata mill hudai Shindra hudai Badalpur Sadak(4000m) Bardiya | Eagles Solutiond Pvt Ltd | ४९८०९६.०९(भ्याट सहित) | ४,९२२५१.० |
| ३ | २२५२/२०८१/०३/२३ | वडा नं २ कालाबजार सडक डि पि आर | रिलेएवल ईन्जिनियरिङ कन्सल्टेन्सी,बर्दियालाई | ४९९४२८.३६(भ्याट सहित) | ४९७१०९.० |
| ४ | २२९८/२०८१/०३/२४ | Preparation of IEE report for the collection and excavation of river bed materials | Evren Consult Pvt Ltd | ४९३४३१.४५(भ्याट सहित) | ४८०४३६.० |
| जम्मा | | | | | ३४२०२९६.० |

२८.२ **वाह्य परामर्शदाताबाट योजना तर्जुमाः** राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७४ दफा ६ मा आयोगको काम, कर्तव्य, अधिकारअन्तर्गत संघ, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने उल्लेख छ । राष्ट्रिय योजना आयोगद्वारा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५(नमूना) समेत जारी गरेको अवस्था छ । सो दिग्दर्शनमा आवधिक योजना तर्जुमाका प्रक्रिया, जिम्मेवारी निर्धारण, संस्थागत संयन्त्र, विषय क्षेत्रगत समिति तथा उपसमितिको भूमिका, क्षेत्रगत रणनीति तथा कार्यक्रमहरू, एकीकृत दस्तावेज तयारी, स्वीकृति र प्रकाशन लगायतका विषय उल्लेख छन् । पालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, नगरसभा सदस्य, प्रमुख प्रशासकीय अधिकृत, विषय क्षेत्रगत प्रमुखहरूको सहभागिता एवं सक्रियतामा गठित समितिहरू तथा उपसमितिहरूबाट तयार गरिएका विषय क्षेत्रगत दस्तावेजहरू उपर विभिन्न चरणमा तथ्यांक संकलन, दफावार छलफल गरी योजनाको खाका तयारी गर्नुपर्ने तथा विद्यायिकी प्रक्रिया पूरा गरी सम्बन्धित कार्यपालिकाबाट स्वीकृत गराउनुपर्नेमा पालिकाले उल्लिखित प्रकृया पुरा नगरी परामर्शदाताबाट तयार गराएको देखियो ।

२८.३ **पेशागत दायित्व बीमाः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८१(७) मा ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कूल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बीमा(प्रोफेशनल लायविलिटी इन्सोरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ साथै नियम ८१(८) मा परामर्शदाताले तीस दिन भित्र पेशागत दायित्व बीमा दाखिला नगरेमा सार्वजनिक निकायले त्यस्तो खरिद सम्झौताको अन्त्य गरी निजलाई कालो सूचीमा राख्न सम्बन्धित निकायमा सिफारिस गर्नुपर्ने समेत व्यवस्था रहेको छ ।पालिकाले सि.नं १ र २ बमोजिमका परामर्श सेवा खरिदमा परामर्शदाताले नियमावली अनुसार पेशागत दायित्व बीमा तोकिएको म्याद भित्र पेश गरेको पाइएन ।कार्यालयले नियमावली बमोजिम गर्न ध्यान दिनुपर्दछ ।

२८.४ **कार्यान्वयनको अवस्थाः** कार्यालयले माथि उल्लेखित IEE,DPR तथा Survey जस्ता कार्यबाट प्राप्त परामर्श तथा सुझावहरु पुर्ण रुपमा कार्यान्वयन भएको पाईएन ।कार्यालयले प्राप्त परामर्श तथा सुझावलाई पुर्ण रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२९ **विज्ञको खर्च**

सार्वजिनक खरिद नियमावली, २०६४ को दफा १२(३)कमा सार्वजनिक निकायले परामर्श सेवाको लागत अनुमान तयार गर्दा मुख्य जनशक्ति तथा अन्य जनशक्तिको पारिश्रमिक खुलाउनु पर्ने व्यवस्था छ । बर्दिया जिल्लाको जिल्ला दररेट निर्धारण समितिले परामर्श सेवाको लागि विभिन्न जनशक्तिको दैनिक दररेट तोकेको देखिन्छ । *पालिकाले असस अभ्यास एंव प्राविधिकरण विषयमा सहजिकरण कार्यको लागि मल्टि सर्भिस कन्सल्टेन्सी एण्ड ईन्टिच्यूट प्रालिसँग* दररेट माग गरी सो लाई लागत अनुमान तयार गरेको देखियो । के

कुन जनशक्ति कति संख्यामा आवश्यक पर्ने सो बारेमा यकिन नगरी परामर्शदाताले पेश गरेको ३ दिने कार्यक्रमको लागि रु.१५५०००। (मूअकर बाहेक) लाग्ने भनि दररेट पेश गरेकोमा पुन पछि कार्यक्रम प्रस्तावनामा सोही कार्य मू.अ. कर सहित रु.१७५०००। मा गर्न सकिने गरी प्रस्ताव पेश गरी सोही आधारमा सम्झौता भई कार्यक्रम सञ्चालन गरी भुक्तानी गरेको देखियो । एउटै कार्यको लागि फरक दररेट पेश गरेकोले बढी रु.२२६००। रकम असुल गर्नुपर्ने तथा लागत अनुमान तयार गर्दा प्राविधिक जनशक्तिको जिल्ला दररेट अनुसार ज्याला निर्धारण गर्नुपर्नेमा नगरी एकमुष्ठ रकम राखेको र कार्यक्रम प्रमाण परीक्षण गर्दा २ जना प्रशिक्षकले मात्र कक्षा सञ्चालन गरेको देखिएकोले प्रति शिक्षक प्रतिदिन रु.३२९५८। हुने गरी भुक्तानी भएकोले परामर्श सेवा खरिद गर्दा जिल्ला दररेट भन्दा बढी दर राखेर लागत अनुमान तयार गरेकोले नियम सम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,९७,७५० |

३० **राजापुर प्राथमिक स्वास्थ्य केन्द्रतर्फः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११)४(ख.अन्तर्गत गाउँपालिका तथा नगरपालिकाको स्वास्थ्य क्षेत्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अधिकार सम्बन्धमा उल्लेख छ । नेपालको संविधानको संविधनको धारा ५७ उपधारा ४ सँग सम्बन्धित अनुसूचि ८ ले आधारभूत स्वास्थ्य तथा सरसफाई सम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।पालिका अन्तर्गत एक प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ । सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन वहिरङ्ग, आकस्मिक, अन्तरङ्ग, सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा आदि प्रदान गर्ने उद्देश्यले स्थापना भएको यस प्राथमिक स्वास्थ्य केन्द्रले स्वास्थ्य बीमा कार्यक्रम, अस्पताल फार्मेसी सेवा सञ्चालन समेत गर्दै आइरहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन् ।

३०.१ **काउन्टरतर्फको आम्दानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरूको प्रयोग गर्नुपर्दछ ।प्राथमिक स्वास्थ्य केन्द्रले आम्दानी सम्बन्धी सफ्टवेयर मार्फत समेत आम्दानी गर्ने गरेको भएता पनि असुली भएको सबै रकम तोकिएको अवधि भित्र राजस्व जम्मा भए नभएको यकिन गर्न सकिएन ।

प्राथमिक स्वास्थ्य केन्द्रको यस वर्ष जनरल काउन्टरतर्फ रु.२१९६०३०.०(सफ्टवेयर) मार्फत प्राप्त भएको देखिएकोमा के कति रकम बैंक दाखिला भयो भन्ने यकिन गर्न सकिएन ।प्राथमिक स्वास्थ्य केन्द्रले वास्तविक आम्दानी यकिन गरेर समयमै दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३०.२ **अस्पताल फार्मेसीः** अस्पताल फार्मेसी सञ्चालन निर्देशिका, २०७८ को बुँदा नं. ७ मा नेपाल सरकारबाट निशुल्क वितरण गर्न तोकिएका औषधिहरू अस्पताल फार्मेसीले निशुल्क रुपमा उपलब्ध गराउनु पर्ने तथा निशुल्क उपलब्ध गराउनु पर्ने औषधिहरूको छुट्टै व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।प्राथमिक स्वास्थ्य केन्द्रले निशुल्क वितरण गर्नुपर्ने औषधिहरूको छुट्टै व्यवस्थापन गरेको देखिएन । निशुल्क वितरण गरिने औषधिहरूमा पुर्ण रुपमा निशुल्कको छाप नरहेकोले यसमा सुधार हुनुपर्दछ ।फार्मेसी सञ्चालनका लागि आवश्यक औषधिहरू सोझै खरिद विधिबाट पटक पटक खरिद गर्ने गरेको देखियो ।वार्षिक खरिद योजना तयार गरी एकमुष्ट रुपमा बोलपत्रमार्फत खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**फार्मेसी काउन्टरतर्फको आम्दानीः** अस्पताल फार्मेसी काउन्टरतर्फ यस वर्ष नगद रु.७०२३८१.० प्राप्त भएको देखिएकोमा के कति रकम बैंक दाखिला भयो भन्ने यकिन गर्न सकिएन ।प्राथमिक स्वास्थ्य केन्द्रले वास्तविक आम्दानी यकिन गरेर समयमै दाखिला गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३०.३ **स्वास्थ्य बीमा कार्यक्रमः** स्वास्थ्य बीमा नियमावली, २०७५ अनुसार प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा संयोजक समिति रहने व्यवस्था छ ।स्थानीय तह स्वास्थ्य बीमा संयोजक समिति गठन तथा सञ्चालन सम्बन्धी नमूना कार्यविधि, २०७८ अनुसार सम्बन्धित पालिको प्रमुख अध्यक्षको संयोकत्वमा स्वास्थ्य बीमा संयोजक समित गठन हुने तथा समितिको काम कर्तब्य तथा अधिकार सम्बन्धमा उल्लेख छ ।पालिकामा स्वास्थ्य बीमा संयोजक समिति गठन भएको तथा क्रियाशिल रहेको देखिएन ।स्वास्थ्य बीमातर्फ के- कति रकम बराबरको दाबी गरिए तथा के कति रकम प्राप्त भए सोको अभिलेख अद्यावधिक गर्नुपर्दछ । प्राथमिक स्वास्थ्य केन्द्रको यस वर्षको जनरल

काउन्टरतर्फ क्रेडिट आम्दानी रु.२५०६७३०.० रहेको तथा अस्पताल फार्मेसीतर्फको क्रेडिट आम्दानी रु.७८०१८१८.० रहेको देखिन्छ ।बीमा तथा निशुल्क सेवा प्रदान गर्दा संलग्न गर्नुपर्ने कागजातहरुलाई व्यवस्थित अभिलेख गरी नराखेकोले सो सम्बन्धमा अभिलेख भिडान गर्न सकिएन ।बिमा तथा निशुल्क सेवा प्रदान गर्दा आवश्यक कागजात तथा अभिलेख व्यवस्थित गरी पेश हुनुपर्दछ।

३०.४ **कर दाखिला :** आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ ।प्राप्त विवरण अनुसार आधारभूत नगर अस्पतालले यस वर्ष कर वापत विभिन्न शिर्षकमा रु.२३८४४७.० बराबरको सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, अग्रिम आयकर कट्टा गरेकोमा समयमा राजश्व दाखिला गरे नगरेको यकिन हुन सकिएन । नियमानुसार समयमै बैंक दाखिला हुनुपर्दछ ।

३०.५ **औषधीको/सर्जिकल सामाग्रिको गुणस्तरः-** सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.५२२९४३४.० बराबरको औषधि तथा सर्जिकल सामाग्रि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

३१ **विद्यालय व्यवस्थापनः**

**सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः** पालिका अन्तर्गत संचालित माध्यमिक तहसम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य पालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ ।सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन ।अतः शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

**निजि विद्यालय व्यवस्थापनः** यस पालिकामा १४ वटा निजी विद्यालय रहेका छन् ।पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन गरी अनुगमन प्रतिवेदन तयार गरी अभिलेखाङ्कन गरेको पाईएन ।सो सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

**विद्यालयको अनुगमन नियमन व्यवस्थाः** स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन।जसबाट विद्यालय अनुगमन कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा संचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३२ **शिक्षक दरवन्दी र पदपुर्तिः-**

शिक्षा नियमावली,२०५९ को नियम ९२ मा विद्यालयमा रहने शिक्षक दरबन्दी बारे व्यवस्था रहेको छ साथै नियम ७७ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा रहने विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई क्षेत्रमा पचास,पहाड क्षेत्रमा पैतालीस र हिमाली क्षेत्रमा चालीस हुनुपर्ने व्यवस्था रहेको छ ।स्थानीय तह अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक बिद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| ३६ | २६२(राहत समेत) | २५७ | १० | १०९७२ | १:४२ |

पालिकामा ३६ सामुदायिक विद्यालय रहेकोमा शिक्षक दरबन्दी राहत समेत २६२ रहेकोमा १० जना करार समेत २५७ नै पदपुर्ति भएको देखियो भने Student Teacher Ratio(STR) १:४२ रहेको छ ।पालिकाले शिक्षक पदपूर्ति तथा शिक्षक विद्यार्थी अनुपात मिलानतर्फ ध्यान दिनुपर्दछ ।

३३ **विद्यालयगत निकासा रजिष्ट्रर:**

अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । पालिकाले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी पुर्ण रुपमा अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवल्म्बन गरेको पाइएन । तोकिएको ढाँचामा.वि.द्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।

३४ **पाठ्यपुस्तक अनुदान:**

कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०/८१ क्रियाकलाप नं २.४.६.१ को बुँदा ३.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वापत पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नँया विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ ।पालिकाले आ.व. २०८०/८१ मा कक्षा १ देखि १२ सम्म अध्ययनरत ९४७७ विद्यार्थीलाई पाठ्यपुस्तक वापत कुल रु.५४७१४३०.० भुक्तानि गरेको पाईयो ।पालिकाले नँया शैक्षिक सत्रमा नँया विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरेर मात्र २५ प्रतिशत पाठ्यपुस्तक अनुदान वितरण गरेको सुनिश्चित गर्नुपर्दछ ।

३५ **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिक:**

अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका गाउँपालिका अनुदान कोटातर्फ ६० विद्यालयका ७२ जना शिक्षकलाई रु.१९०८६३४२.० भुक्तानी गरेको पाईयो।पालिकाले समानिकरण अनुदानबाट नीजि श्रोतका शिक्षकलाई प्रदान गरेको तलब भत्ता अनियमित देखिन्छ ।

३६ **अनुगमन प्रतिवेदन:**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानब श्रोत विकास केन्द्रद्बारा जारी कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०/८१ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत विद्यालयहरुलाई ICT व्यवस्थापन अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले र विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६५००००.० का दरले अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ।पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र विज्ञान प्रयोगशाला तथा व्यवस्थापन सम्बन्धि कार्य विद्यालयमा भएको भए नभएको सोको बारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | श्री किसान मा वि बदलापुर | विज्ञान प्रयोशाला अनुदान | ६३२९२७.० |
| २ | श्री जनचेतना मा वि मंगलपुर | आई.सि.टि. ल्याब अनुदान | ६५००००.० |
| **जम्मा** | | | **१२८२९२७.०** |

३७ **दिवा खाजाः**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.११.१ को बुँदा (ग) मा विद्यालयले विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकोले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर साविकको कर्णाली अञ्चलका मुगु,डोल्पा,हुम्ला,जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. २० का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने साथै प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्याका लागि वार्षिक रुपमा १८० दिनका लागि सोही आधारमा पहिलो त्रैमासिकमा निकासा गर्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.व. २०८०/८१ मा २६ विद्यालयका प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा वापत रु.११७७५८८५.० भुक्तानी भएकोमा वार्षिक रुपमा १८० दिनका लागि नै दिवा खाजा भुक्तानी भएकोबारे पालिकासंग तथ्यांक नभएको, विद्यालयले बजारबाट खरिद गरिएको जंक फुड नखुवाएको साथै खाद्यन्नका परिमाण खुल्ने र विलभर्पाई संलग्न नभएको साथै विद्यार्थीले विद्यालयबाट दिवा खाजा खाए वापतको रकम बुझेको भर्पाई संलग्न भएको पाईएकोले कार्यालयले तथ्यांक अद्यावधिक गरी विद्यालयले तोकिएको दिनका लागि मात्र दिवा खाजा खुवाएको सुनिश्चित गर्नुपर्दछ ।

३८ **अनुदानको उपयोगः-**

शिक्षा तथा मानब स्रोत विकास केन्द्रद्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१० को बुँदा ५.४ मा विद्यालयले आर्थिक लेखापरीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउने व्यवस्था रहेको छ ।आधारभूत तथा माध्यमिक तह संचालित विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण,विद्यार्थी परिचय पत्र,विद्यालय तथ्याङ्क व्यवस्थापन,बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान वापत ३६ विद्यालयलाई रु. ४०५०००.० भुक्तानी भएकोमा अन्तिम लेखापरीक्षणको समयसम्म पनि विद्यालयले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश नगरेको हुँदा विद्यालयले प्राप्त गरेको रकम सम्बन्धित कार्यमा खर्च गरे नगरेको तथा खर्चमा मितव्ययिता भएको विश्वस्त हुन सकिएन ।

३९ **डिस्पोजल मेशिन खरिदः** (४५०-२०८१-३-२४):

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८०/८१ क्रियाकलाप नं २.७.१३.२३ को बुँदा ४ मा स्थानीय तहले तोकिएको छात्राका लागि नियमानुसार सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposable Machine नभएका एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने व्यवस्था छ।पालिकाले भुसाल ट्रेड एण्ड सप्लायर्सबाट कोटेशन आव्हान मार्फत प्रति मेशिन रु.३५०००.(भ्याट बाहेक) को दरले १४ थानको कुल रु.५५३७००.०.० भुक्तानी गरेको पाईयो ।

**प्राविधिक परीक्षण नभएकोः** साथै सार्वजनिक खरिद नियमावलीको नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरी स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गरी प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गरी त्यस्तो प्रतिवेदनलाई सार्वजनिक निकायले खरिद कारबाहीको अभिलेखको रुपमा राख्नु पर्ने उल्लेख छ।कार्यालयले १४ थान डिस्पोजेबल मेशिन खरिद वापत भुसाल ट्रेड एण्ड सप्लायर्सलाई रु.५५३७००.०.० भुक्तानी गरी प्राविधिक परीक्षण बेगर जिन्सी दाखिला गरेको पाईयो ।कार्यालयले खरिद गरेका १४ थान डिस्पोजेबल मेशिन स्वीकृत स्फेसिफिकेशन बमोजिम प्राप्त भए नभएको लगायत निरीक्षण प्रतिवेदन समेत नभएको हुँदा स्फेसिफिकेशन अनुसार प्राप्त भएको भनी यकिन गर्ने विश्वस्त आधार देखिएन ।कार्यालयले यसतर्फ ध्यान दिनुपर्दछ ।

४० **सेनिटरी प्याड-** (४२७-२०८१-३-२३):

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २१९३ जना रहेका छन। पालिकाले भुसाल ट्रेड एण्ड सप्लायर्सबाट १७००० थान सेनिटरी प्याड(Pure Everyday XL 288 mm 8Pcs) रु.५४४०००.०(भ्याट सहित)

मा खरिद गरेको पाईयो । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा १७००० थान सेनिटरी प्याड खरिद भई ११११६० थान वितरण गरी ५८४० थान सेनिटरी प्याड मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

**सेनिटरी प्याड गुणस्तरः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ।कार्यालयले आ.व. २०८०/८१ मा भुसाल ट्रेड एण्ड सप्लायर्सबाट १७००० थान सेनिटरी प्याड रु.५४४०००.०(भ्याट सहित)मा खरिद गरेकोमा प्याडको गुणस्तरबारे सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्याविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन ।

४१ **स्वास्थ्य तलबि प्रतिवेदनः**

स्वास्थ्य ऐन,२०५३ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४९ कर्मचारीको रु. ३३४४५५६७.० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४२ **औषधि खरिदः**

औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ बमोजिम स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली **(Health Management Information System (HMIS)** बाट सङ्कलन भएको रुग्णता **(Morbidity),** सेवाको उपलब्धता, उपचार तालिका, आपूर्ति व्यवस्थापन सूचना प्रणाली **(LMIS)** बाट सङ्कलन भएको खर्च विवरण, एवं स्वीकृत कार्यक्रमबमोजिम औषधिको आवश्यकता साथै तोकिएको प्राविधिक स्पेसिफिकेशनसँग विश्लेषण गरी सार्वजनिक खरिद नियमावलीको नियम ३, ५क र ९ बमोजिमको प्रक्रिया पुयाई औषधी खरिदको आवश्यकता र लागत अनुमान तयार गरी आपूर्तिकर्ताहरुबीच प्रतिस्पर्धा गराई विश्व स्वास्थ्य सँगठनबाट पूर्वयोग्यता प्राप्त औषधी उत्पादक कम्पनीसंग डब्लु.एच.ओ. र जि.एम.पि. मान्यता प्राप्त भएको प्रमाण लिई मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिका औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ तथा सार्वजनिक खरीद नियम ३, ५(क) र ९ मा भएको व्यवस्था पुरा गरी खरीद गरेको देखिएन ।

कार्यालयले यस वर्ष विद्युतीय बोलपत्र खरिद मार्फत रु.३३६८३८५.० बराबरको औषधि खरिद गरेको पाईयो जस अनुसार देखिएका व्यहोराहरु निम्नानुसार छन्

४२.१ **कम म्याद भएको औषधिः** औषधि खरिद गर्दा १८ महिनाभन्दा बढीको म्याद रहेको औषधि खरिद गर्नुपर्ने व्यवस्था रहेको छ ।जस अनुसार पालिकाले देहाय बमोजिमका औषधि खरिदमा १८ महिनाभन्दा कम म्याद रहेको औषधि खरिद भएको देखिन्छ । पालिकाले औषधिजस्तो संवेदनशील वस्तुमा १८ महिनाभन्दा कम म्याद भएको औषधि खरिद गरेको रकम नियमित गर्नुपर्ने रु.

| क्र.सं | औषधिकोनाम | खरिद मिति | Expiry Date/Batch No | परिमाण | प्रति दर | रकम |
|---|---|---|---|---|---|---|
| 1 | Amoxycilline 125 mg Tab | November 7 2023 | 2024/11 LSMT90003 | 10000 | 1.40 | 14000.0 |
| 2 | Glimepirde 2 mg Tab | | 2024/October 43048 | 1000 | 0.50 | 500 |
| 3 | Folic Acid Tab 5 mg | | 2024 Dec/Ait90002 | 30000 | 0.70 | 21000.0 |
| 4 | Fluconazole 150 mg Capsule | | 2024 Sep/AZC90003 | 10000 | 4.5 | 45000.0 |
| 5 | Pantaprazole 40 mg Tab | | 2024 Oct/PFT90008 | 10000 | 1.10 | 11000.0 |
| 6 | Doxycyline 100 mg Cap | | 2025 Feb/ZDC90011 | 10000 | 2.10 | 21000.0 |
| 7 | Losartom 50 mg Tab | | 2025 Feb/AN-43 | 2000 | 1.30 | 2600 |
| 8 | Dichlofenac 50 mg Tab | | 2025 Mar/DCT2102 | 6000 | 0.60 | 3600 |
| 9 | Frusemide 40 mg Tab | | 2025 Jan/TFO-009 | 1000 | 0.65 | 650 |
| 10 | Benzoic acid 30 g Tube | | 2025 Jan/FB1105 | 3000 | 16 | 48000 |
| 11 | Metronidazole 200 mg Tab | | 2024/October LAMT90001 | 10000 | 0.65 | 6500 |
| 12 | Doxycyline 100 mg Cap | May 9 2024 | 2025 Feb/ZDC90011 | 1000 | 1.90 | 1900.0 |
| 13 | Paracetamol 500 mg Tab | | 2025 Aug/BDT23105 | 50000 | 0.73 | 36500 |
| 14 | Pantaprazole Tab | | 2025 Jul/121112 | 10000 | 1.20 | 12000 |
| **जम्मा** | | | | | | **२२४२५०.०** |

| अनियमित भएको | २,२४,२५० |
|---|---|

४२.२ **प्रदेश र संघीय सरकारबाट प्राप्त हुने औषधी खरीदः** आधारभुत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य सामाग्रीहरुको खरीद वर्गीकरण बमोजिम पालिका तोकीएको बमोजिम प्रदेश र संघीय सरकारबाट प्राप्त हुने बाहेकका औषधी मात्र खरीद गर्नुपर्ने उल्लेख छ। तर पालिका उक्त वर्गीकरणमा भएका व्यवस्था विपरीत प्रदेश र संघीय सरकारबाट प्राप्त हुने निम्न औषधी खरीद गरेको देखिन्छ।तसर्थ पालिकाले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कानुनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ।

| क्र.सं | औषधीकोनाम | परिमाण |
|---|---|---|
| 2 | Amlodipine 5 mg Tab | 50000 |
| 5 | Tube Benzoic Acid | 1000 |
| 7 | Inj Magnesium Sulphate | 100 |
| 8 | Inj Metochlopromide | 100 |
| 9 | Inj Hyoscine | 50 |
| 10 | Cap Flucanazole 150 mg | 1000 |
| 11 | Losartan 50 mg Tab | 1000 |
| 12 | Metformin 500 mg Tab | 50000 |
| 13 | Dextrose 500 ml | 100 |
| 14 | Inj Oxytocin | 1200 |
| 15 | Tab Sodium Valporate 300 m | 1000 |
| 16 | Tab Glimperide 1 mg | 1000 |

४२.३ **औषधीको गुणस्तरः-** सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ ।कार्यालयले यस वर्ष रु.३३६८३८५.० बराबरको औषधि खरिद गरेको पाईयो ।बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन ।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

४३ **न्यानो झोला खरिदः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।यस वर्ष पालिकाले रु.२९९८११६० मा ३३५ थान न्यानो झोला खरिद भएकोमा ३२५ थान वितरण भई १० थान मौज्दात रहेको पाईयो ।खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

४४ **कृषि अनुदानः**

पालिकाले आ.व २०८०/८१ मा देहाय बमोजिम कृषि अनुदानका कार्यक्रमहरु-संघीय शसर्त अनुदानतर्फ रु.९५४१३९.५ र पालिका अनुदानतर्फ रु.१८७३३८३.० गरी कुल रु.२८२७५२२.५ खर्च लेखेको पाईयो । उल्लिखित अनुदान कार्यक्रमहरुमा स्थानीय निकायले अनुदान वितरणका लागि कृषक तथा लाभग्राहीको अद्यावधिक तथ्याङ्क, छनौटको मापदण्ड निर्धारण, लाभग्राहीको प्राथमिकिकरण तथा अनुदान वितरणको स्पष्ट अभिलेखाङ्कन गरेको पाईएन।वास्तविक तथा प्राथमिकता प्राप्त कृषक,कृषक समुह,कृषि सहकारी तथा लाभग्राहीले अनुदान पाएको, एकै व्यक्ति तथा संस्थालले पटक पटक एकै प्रकारको अनुदान नपाएको र अनुदान वितरणमा पारदर्शिता कायम भएको सुनिश्चित हुन सकिएन ।

| संघीय शसर्त अनुदानतर्फ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रम | खर्च रकम | लाभान्वित कृषक/समुह | कैफियत |
| १ | खाद्यान्न बालिको उन्नत बिउ उपयोगमा मूल्य अनुदान कार्यक्रम(५० % अनुदान) | ४९०७८०.० | ७ कृषक तथा ६५ कृषक समुह | गहुँ तथा धानको बिउ |
| २ | धान बालि पकेट विकास कार्यक्रमको निरन्तरता | ४६४१३९.५ | १ कृषक समुह | पावर टिलर,बिद्युतिय मोटर,त्रिपाल,स्प्रे टंकि आदि |
| **पालिका अनुदानतर्फ** | | | | |
| ३ | मागमा आधारित कृषि कार्यक्रम(५० % अनुदान) | २९३२८०.० | ८९ जना कृषक तथा कृषक समुह | केराको विरुवा,बिद्युतिय मोटर,प्लास्टिक टनेल,स्प्रे टंकि आदि |
| ४ | ५० % अनुदानमा धानको बिज वृद्धि कार्यक्रम | ४७८०१८.० | २३५ व्यवसायि कृषक तथा ३७ कृषक समुह | मकवानपुर,साँवा मसुली,बहुगुणी जातको धानको बिउ |
| ५ | ५० % अनुदानमा गहुँको बिज वृद्धि कार्यक्रम | ३२२७६६.० | २२६ जना कृषक | बि.एल. ४१४१,आदित्य,बिजय जातको गहुँको बिउ |
| ६ | मौसमी तथा बेमौसमी तरकारी खेती प्रबर्द्धन कार्यक्रम(५० % अनुदान) | ४०९८३५.० | २९१५ जना कृषक | काख्रो,करेला,भिण्डी,बोडी,फर्सी,लौका आदी |
| ७ | च्याउखेती प्रबर्द्धन कार्यक्रम(५० % अनुदान) | १७४६३४.० | ७१८ जना कृषक | |
| **जम्मा** | | **२८२७५२२.५** | | |

पालिकाले अनुदानको उपयोगिता र प्रभावकारिताबारे अनुगमन तथा मुल्याङ्कनतर्फ ध्यान दिनुपर्दछ ।

४५ **लघुउद्यम विकास कार्यक्रमः**

४५.१ **लघु उद्यम विकास कार्यक्रमः-** उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयद्धारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ५८ मा स्थानीय तहले सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन तथा अनुसुचि ३ बमोजिमको मेड मोडल अनुसार कार्यक्रमको बजेट तथा कार्यक्रम बाँडफाँड गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले आ.व. २०८०/८१ मा उनि तरकारीखेती तालिम,बाख्रापालन तालिम,बाँसको हस्तकला बनाउने तालिम र मसला बनाउने तालिम लगायत ३६ जनालाई प्रदान गरी रु.७,४९,२०९.० खर्च गरेको पाईयो यसरी प्रदान गरिएका उद्यमशिलता तालिम पश्चात के कति व्यक्तिहरु लघु उद्यमि भई निजको जिवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रबर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको, सो सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धि कार्य नगरेकोले यसतर्फ विशेष ध्यान दिनुपर्दछ ।

४५.२ (४४८-२०८१-३-२४):

**प्रविधि हस्तान्तरणः** लघु उद्यम विकास कार्यक्रमको प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ को दफा ४१(३) अनुसार उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा असी प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई(विधान सपल्यार्स राजापुर) भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।कार्यालयले प्रविधि हस्तान्तरण अन्तर्गत हाते ग्यालेन्डर,ड्रील गर्ने मेशिन,पिलास,पेचकस,2 H.P Motor, डिजिटल तराजु लगायतका सामाग्री रु.१२४९११.२ मा खरिद गरी निर्देशिका बमोजिम बढीमा असी प्रतिशतले रु. ९९९२९.० मात्र भुक्तानी गर्नुपर्नेमा उद्यमीको बीस प्रतिशत रकम रु.२४९८२.२४ समेत भुक्तानी गरेको देखिँदा बढी भुक्तानी सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | २४,९८२ |
|---|---|

४६ **निर्माण कार्यको हर्जना**

**पूर्वनिर्धारित क्षतिपूर्ति :** सार्वजनिक खरिद नियमावली, २०६४ को १२० मा खरिद सम्झौताको अविधि थप सम्वन्धि व्यवस्था रहेको छ । नियम १२०.क मा अवधि थप सम्वन्धि विशेष व्यवस्था र नियम १२१ मा पूर्वनिर्धारित क्षतिपूर्ति सम्वन्धि व्यवस्था रहेको छ । नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.५% पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । त्यस्तै नियम १२०.क मा प्रचलित कानून वमोजिम म्याद थप भई चालु रहेका वा म्याद सकिएका वा म्याद थप हुन नसकेका तर खरिद सम्झौता बमोजिमको काम चालु रहेका खरिद सम्झौतामा डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामग्रिको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको लगायतको कारणवाट सम्झौताबमोजिमको अवधिभित्र सम्पन्न हुननसकेका वा काम सम्पन्न हुनसक्ने अवस्था नदेखिएका खरिद सम्झौताका हकमा त्यस्ता आयोजनाका निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका वमोजिमको कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्टयाई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई यो नियम जारी भएको मितिले तीस दिन भित्र निवेदन दिएममा उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी वोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । निर्माण व्यवसायीको कारणवाट ढिलाई भई हर्जना लगाउने गरी कार्यपालिकावाट निर्णय भएकोमा कतिपय निर्माण कार्यको भुक्तानी दिँदा जरिवाना कट्टी गरेको छैन । डिजाइन परिमार्जन भएको, बजेट अपुग भएको, निर्माणस्थलको उपलब्धता हुन नसकेको, समयमा भुक्तानी हुन नसकेको, निर्माण सामग्रिको अभाव भएको वा निर्माणस्थलमा प्राकृतिक विपद् परेको अवस्था नभएको अवस्थामा समेत स्ववीवेकीय ढंगवाट म्याद थप गरी हर्जना नलिने कार्य उचित देखिएन ।

निर्माण व्यवसायीको ढिलाईको कारण पूर्वनिर्धारित क्षतिपुर्ति लगाउने निर्णय भएपछि १० प्रतिशतसम्म हर्जना लगाउनुपर्नेमा संशोधित नियम अनुसार म्याद थप गर्दा हर्जना नलगाउने गरी भुक्तानी दिएको मनासिव देखिएन । यस पालिका अन्तर्गतका निम्नानुसार अधुरा ठेक्काहरुको म्याद समाप्त भएकोमा नगर कार्यपालिकाको मिति २०८०।०४।२८ को वैठकको निर्णय अनुसार सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ वमोजिम जरिवान लगाई काम गराउने निर्णय भएको छ । अत : सम्वन्धित निर्माण व्यवसायीवाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल हुनुपर्दछ रु.....

| ठे.नं. | निर्माण व्यवसायी | कवोल अंक (मू. अ.कर वाहेक) | सम्झौता मिति | कार्यसम्पन्न गर्नुपर्ने अवधि | हर्जना लाग्ने दिन | प्रतिदिन सम्झौता रकमको ०.५% ले हुने हर्जना रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १।०७८।०७९ | गोरखनाथ कन्स्ट्रक्सन | ५५,२५,१२२ | २०७८।०६।१७ | २०८०।०३।३१ | २०० | ५,५२,५१२ | चालु आ.व.मा भुक्तानी नभएको |
| ३।२०७८।७९ | बजरङ्ग निर्माण सेवा | ५३९४५८० | २०७८।०६।१९ | २०७९।०३।१५ | २०० | ५,३९,४५८ | मिति ०८१।०३।२३ वाट चौथो रनिङ्ग विल भुक्तानी भएकोमा हर्जना कट्टी नगरेको । |
| ९।२०७८।०७९ | सिन्जा भ्याली कन्स्ट्रक्सन | २३०१८८५ | २०७८।०९।२२ | २०७९।०५।३१ | २०० | २,३०,१८८ | चालु आ.व.मा भुक्तानी नभएको |
| | | | | | जम्मा | १३,२२,१५८ | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-४** को निर्णयले रू **५६४,०६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,२२,१५८ |

४७ **ठे.नं. १।०७८।०७९**

**ठे.नं. १।०७८।०७९** वडा नं. १ वडा कार्यालय भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी गोरखनाथ कन्स्ट्रक्सन एण्ड मर्चेन्टाइजर प्रा.लि. वीच कवोल अंक रु ६२,४३,३८८।८४ (मू.अ.कर समेत) को मिति २०७९।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०६।१७ मा सम्झौता भएको छ ।

**क . म्याद थप :** राजापुर नगर कार्यपालिकाको आ.व.२०८०।०८१ को मिति २०८०।०४।२८ को निर्णयवाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ वमोजिम जरिवान लगाई काम गराउने निर्णय भएको छ । २ पटक म्याद थप भई हर्जना लगाउने निर्णय गर्दा समेत काम सम्पन्न भएको छैन । काममा ढिला हुनुको कारण स्पष्ट नगरी एकमुष्ट म्याद थप गर्ने कार्य औचित्यपूर्ण देखिदैन ।

**ख . थप आर्थिक दायित्व :** १ नं. वडा कार्यालय हाल भाडाको घरमा रहेको र भाडा वापत मासिक रु १४,६५८।०० भुक्तानी दिदैआइरहेको अवस्था छ । काम अधुरो राखी निरन्तर म्याद थप्ने र कार्य प्रगति शुन्यप्राय हुदाँसम्म खरिद सम्झौता र सार्वजनिक खरिद ऐन नियमावली वमोजिम आवश्यक कार्यवाही गरी कार्य सम्पन्न नगराउदा पालिकालाई भाडा वापत वार्षिक रु १,७५,८९६।०० थप आर्थिक दायित्व परेको देखिन्छ ।

**ग . पेश्की जोखिम :** ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की फर्छयौट नभएसम्म पेश्कि जमानी कायम रहनु पर्दछ । यस निर्माण कार्यको पेश्की फर्छयौट गर्न वाँकी रु ६,२४,०००।०० रहेको छ । पेश्की जमानत वापत प्राईम कमर्सियल बैंक लि. वाट जारी भएको रु ६,२४,०००।०० को २३ फेव्रुअरी २०२४ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश भएको छ । निर्माण कार्य अधुरो रहेको, पेश्की जमानतको अवधि समाप्त भएकोले पेश्की रकम जोखिममा रहेको देखिन्छ । अविलम्म व्याज सहित पेश्की असुल फर्छयौट हुनुपर्दछ रु.....

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,२४,००० |

४८ **ठे.नं. १५।०७७।०७८**

**ठे.नं. १५।०७७।०७८** राजापुर नगरपालिकाको अधुरो भवन निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी बिकोई-सिस्ने-बिरेन्द्र अम्मर जे.भी. वीच कवोल अंक रु २,७८,४०,६२४।४० को मिति २०८१।०२।३० मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०३।०४ मा सम्झौता भएको छ ।

**क . त्रुटि सच्याउने अवधि :** खरिद सम्झौताको विशेष शर्तको जिसिसि ३४.१ मा त्रुटि सच्याउने अवधि उल्लेख गर्नुपर्ने व्यवस्था रहेकोमा खाली रहेको छ । यसले गर्दा त्रुटि सच्याउने अवधि स्पष्ट भएन । कार्यसम्पन्न पश्चात त्रुटि सच्याउन निर्माण व्यवसायीलाई वाध्य गर्न सक्ने अवस्था देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

**ख . पेश्की फर्छयौट :** गो.भौ. २७८।०८१।०२।३० वाट दोश्रो रनिङ्ग विल वापत रु ५१,२२,२३८।०० भुक्तानी भएको छ भने हालसम्म रु १,०१,८३,२२८।४६ भुक्तानी भएको छ । खरिद सम्झौताको विशेष शर्तको जिसिसि ४९.१ मा पेश्की भुक्तानी सम्वन्धि व्यवस्था खाली राखेकोमा समेत पेश्की भुक्तानी भएको छ । जिसिसि ४९.३ मा कामको ३०% मूल्याङ्कन पश्चातको विलवाट पेश्की फर्छयौट गर्नुपर्ने व्यवस्था रहेकोमा पेश्की फर्छयौट गरेको देखिएन । खरिद सम्झौता अनुसार पेश्की फर्छयौट हुनुपर्दछ ।

४९ **सडक वेसको भुक्तानी**

**सडक वेस भुक्तानी :** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । यस पालिकावाट विभिन्न सडक कालोपत्रे गर्ने कार्यमा सव-वेस, वेस र असफाल्ट कंक्रिट गर्दा कतिपय ठेक्कामा वेसको आइटम भुक्तानी गरेकोमा असफाल्ट कंक्रिटको काम भएको छैन । आ.व.२०८०।८१ मा वेसको भुक्तानी दिएको र लेखापरीक्षण अवधिसम्म असफाल्ट कंक्रिटको कार्य नगर्दा वर्षादको कारण र यातायात तथा पशु चपायाको आवागमनका कारण वेसको कार्य विग्रनगई कामको गुणस्तरमा ह्रास आउनसक्ने देखिन्छ । वेसको काम भएको ठाउँमा असफाल्ट कंक्रिटको काम सम्पन्न गरी भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । केही उदाहरणहरु निम्नानुसार रहेका छन :

| ठे.नं. | भुक्तानी मिति | वेसको परिमाण | सडक वेसको भुक्तानी |
|---|---|---|---|
| १७।२०७८।०७९ | २९०।०८१।०३।०२ | ७५२.३९ घ.मी. | १५,०४,७८३ |
| ३३।२०७८।७९ | ४३२।०८१।०३।२३ | ३६० घ.मी. | ७,२०,००० |
| ३४।२०७८।७९ | ३५५।०८१।०३।१८ | ३५१.३४ घ.मी. | ८,७८,३५० |

५० **ठे.नं. ३५।२०७८।०७९**

**भेरिएशन आदेश :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएशन सम्वन्धि व्यवस्था छ । ठे.नं. ३५।२०७८।०७९ वडा नं.५ पहाडीपुर देखि वडा नं. १० लालपुरसम्म सडक कालोपत्रे निर्माण कार्य फेज २ (असपाल्ट कालोपत्रे) को निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी कुटुम्व-तुलसी जे.भी. वीच कवोल अंक रु ३,८८,५२,७४४।०४ को मिति २०८०।०२।१२ मा काम सम्पन्न गर्नेगरी मिति २०७९।०३।१४ मा सम्झौता भएको छ । यस निर्माण कार्यको Item no.24. providing, Mixing and Laying Asphalt Concrete with Compaction all complete को शुरु सम्झौता अनुसारको परिमाण ४२२.४० रहेको छ । लागत अनुमान दर प्रति घन.मी. रु २०,९१८।९१ रहेकोमा कवोल अंक दर प्रति घन.मी. रु २५,०००।०० रहेको छ ।उक्त आइटम भेरिएशन आदेश मार्फत शुरु सम्झौताभन्दा ७०.१५ घन मी. वढी परिमाण काम गराइ निर्माण व्यवसायीसँग वार्ताद्धारा प्रति घन मी. रु २४,२५०।०० दर कायम गरी भुक्तानी गरेको छ । लागत अनुमान दरभन्दा वढी कवोल दर भएको आइटम परिमाण वढी काम भएको छ । पूर्वानुमान गर्न सकिने प्रकृतिको काममा समेत भेरिएशन आदेश जारी गरी काम गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । यस निर्माण कार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने परामर्शदातालाई समेत जिम्मेवार वनाउनुपर्दछ ।

५१ **ठे.नं. ३४।२०७८।७९**

**निर्माण स्थल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । ठे.नं. ३४।२०७८।७९ वडा नं. २ को चैनपुर देखि गेरुवा र राजापुरको सीमानासम्म क्रमागत सडक कालोपत्रे फेज २ निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी लक्ष्मी कन्स्ट्रक्सन वीच कवोल अंक रु १,०५,२६,९१४।७४ को मिति २०८०।०१।३१ मा काम सम्पन्न गर्नेगरी मिति २०७९।०३।०५ मा सम्झौता भएको छ । उच्च अदालत तुलसीपुर, नेपालगञ्ज ईजलास ईजलास नं. २ को मिति २०८१।०२।२४ को अन्तरिम आदेशवाट जग्गाहरुमा बनेका घर नभत्काउनु, भत्काउन नलगाउनु र निवेदकको सहमति र मन्जुरी बिना उक्त कित्ता जग्गाहरुमा कुनै किसिमको सडक बाटो लगायतका निर्माण कार्य नगर्नु नगराउनु भनी वपक्षीको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ । यसले गर्दा काम अधुरो रहन गएको छ । राईट अफ वे स्पष्ट गरेर मात्र ठेक्का व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५२ **ठे.नं. १२।०७८।७९**

**म्याद थप :** ठे.नं. १२।०७८।७९ Water Tank with automatic cooling system construction work (२१ वटा विद्यालयहरुमा) निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी ग्रो अप कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि. वीच कवोल अंक रु १,२०,५७,७१०।४३ को मिति २०७९।०२।३१ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।१०।२५ मा सम्झौता भएको छ । यस निर्माण कार्यको लागि आर्थिक बर्ष २०७९।८० सम्म रु ४७,३०,४१४।७१ भुक्तानी भएकोमा चालु आर्थिक वर्षमा कुनै भुक्तानी भएको छैन भने म्याद थप समेत भएको देखिएन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(४) मा म्याद थपकालागि परेको निवेदनका सम्वन्धमा म्याद थप सम्वन्धी कारवाही प्रक्रिया खरिद सम्झौताको अवधिभित्र टुङ्ग्याउनु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीवाट मिति २०८१।

०९।मसान्त सम्मको म्याद थपका लागि मिति २०८१।०३।०१ गते निवेदन दिएकोमा लेखापरीक्षण अवधिसम्म म्याद थपको निर्णय भएको छैन । म्याद थप सम्वन्धी प्रक्रिया नियमावली वमोजिमको अवधिभित्र टुङ्ग्याउनु पर्दछ अन्यथा नियम वमोजिम हर्जना लगाई बाँकी काम सम्वन्धित व्यवसायीवाट गराउनुपर्दछ ।

५३ **नन्फाईलरः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।तर कार्यालयबाट देहाय बमोजिमका फर्महरुको मू.अ.कर रु. ३४२३१५.१९ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई नन्फाईलर रहेको उक्त फर्मले कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| क्र.सं. | फर्मको नाम | बिजक नं/बिल मिति | प्यान नं | भ्याट रकम | नन्फाईलर मिति |
|---|---|---|---|---|---|
| १ | वेस्टर्न कन्ट्रक्शन | 06-2081/3/24 | 620674883 | 43150.09 | 2080/M/8 |
| २ | | 01- 2080/12/27 | | 103487.88 | |
| ३ | New S.S Construction | 22-2081/3/23 | 607326369 | 166243.44 | 2080/T/2 |
| ४ | R.S.Nirman Sewa | 59-2081/3/23 | 305658966 | 29433.78 | 2080/T/2 |
| **जम्मा** | | | | 342315.1 | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४२,३१५.१ |

५४ **ठे.नं. ०९।२०८०।८१**

५४.१ ठे.नं. ०९।२०८०।८१ वडा नं. ६ जोगीपुर देखि वडा नं. ५ को त्रिवेणीबजार हुदै वडा नं. २ बर्गदही सम्म सडक कालोपत्रे कार्यको लागि पालिका र निर्माण व्यवसायी चित्रा/प्रेम/लालीगुरास जे.भी. वीच कवोल अंक रु २,३०,४९,१६०।०६ को मिति २०८१।०९।२० मा काम सम्पन्न गर्नेगरी मिति २०८०।१०।२८ मा सम्झौता भएको छ ।

**क . निर्माण कार्यको गुणस्तर :** गो.भौ. ४५५।०८१।०३।२३ ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु ५८६९०४७।०० भुक्तानी भएको छ । आइटम नं. C.3 Providing , Laying, Spreading and Compacting Embankment with roadway cutting material and compact to the required density को निर्माण कार्य वापत ५६९३.४५ घ.मी. वापत रु १६,७९,५६६।५७ भुक्तानी भएको छ । गुणस्तर परिक्षण प्रतिवेदन संलग्न रहेको छैन । Embankment ०.३५ देखि ०.९५ मी. उचाईसम्म काम भएकोमा Compaction को अवस्था एकिन हुन सकेन । ल्याव टेष्ट गरी गुणस्तर आश्वस्त भएपछी मात्र भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५४.२ **ख . एकमुष्ट पेश्की भुक्तानी :** गो.भौ. १०३।०८०।११।०२ खरिद सम्झौतामा प्रथम किस्ता वापत १०% र काम शुरुगरेपछी वाँकी १०% पेश्की दिने व्यवस्था रहेको छ । यस निर्माण कार्यको लागि एकमुष्ट २०% मोविलाईजेशन पेश्की वापत रु ३९,५०,०००।०० भुक्तानी भएको छ । खरिद सम्झौताको परिपालना गरी मोविलाइजेशन पेश्की भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**ग . अग्रीम बैंक जमानतको अवधि :** खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा खरिद सम्झौतामा ८०% मूल्य वरावरको कार्य सम्पन्न हुँदा सम्पूर्ण पेश्की फर्छयौट गर्नुपर्ने व्यवस्था छ, सो अनुसार न्युनतम पनि पेश्की जमानतको अवधि ३० नोभेम्वर २०२४ सम्मको हुनुपर्नेमा ७ अगष्ट २०२४ सम्ममात्र अवधि भएको पेश्की जमानत पेश भएको छ । सम्झौता अनुसारको अवधि खाम्ने अग्रीम बैंक जमानत लिएर मात्र मोविलाइजेशन पेश्की दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५५ **ठे.नं. २०।२०७७।०७८ र ठे.नं. ७।२०७९।८०**

५५.१ **ठे.नं. २०।२०७७।०७८** कोठियाघाट पिक्निक स्पोर्ट निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी वंगलामुखी/पोलो/तुलसी जे.भी. वीच कवोल अंक रु ४,४९,०८,७३९।३५ को मिति २०८१।०२।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०७८।०३।१४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ :

**क . पेश्की फर्छ्यौट :** खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा ३०% कामको मूल्याङ्कन भएको विलवाट पेश्की फर्छ्यौट शुरु गर्नुपर्ने उल्लेख भएकोमा विलवाट कति प्रतिशत पेश्की कट्टी गर्ने हो उल्लेख गरेको छैन । चालु आ.व. मा पहिलो र दोश्रो रनिङ्ग विलवाट कुल रु १,९४,२७,७२२।६३ भुक्तानी भएको छ । कवोल अंकको ४३.२६% कामको भुक्तानी हुदासम्म पनि पेश्की फर्छ्यौट भएको छैन । खरिद सम्झौताको परिपालना गरी समयमा पेश्की फर्छ्यौट गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**ख . निर्माण कार्यको गुणस्तर :** गो.भौ.३२।०८०।०५।२५ ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु १,००,०८,५३९।०० भुक्तानी भएको छ । Item no. B.2. Fillings work with excavated earth in layers of 150mm with sprinkling water and compaction as per instruction, specification and drawing all complete को ३११३१.४२ घ.मी. को प्रति घ.मी. रु १५० का दरले रु ४६,६९,७१३।२८ भुक्तानी भएको छ । नापी किताव अनुसार यस कार्यको उचाई ०.७५ मी. रहेको छ । निर्माण कार्यको Compaction को अवस्था एकिन हुन सकेन । ल्याव टेष्ट गरी गुणस्तर आश्वस्त भएपछी मात्र भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५५.२ **निर्माण स्थल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । ठे.नं. ७।२०७९।८० वडा नं. ४ राममन्दिर देखि झा मेडिकलसम्म सडक कालोपत्रे निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी तिमिल्सिना विल्डर्स वीच कवोल अंक रु ७६,५६,२८६।४९ को मिति २०८०।१२।१० मा काम सम्पन्न गर्ने गरी मिति २०८०।०१।१२ मा सम्झौता भएको छ । यस निर्माण कार्यको कुनै काम भएको छैन । राइट अफ वे स्पष्ट नभएको, घरटहरा रहेको र घर भत्काउन स्थानियको अवरोध भएका कारण काम अघि वढन नसकेको पालिकाले जानकारी दिएको छ । सार्वजनिक खरिद नियमावली अनुसार निर्माणस्थल स्पष्ट भएपछी मात्र ठेक्का व्यवस्थापन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५६ **ठे.नं. १७।२०७८।०७९**

५६.१ ठे.नं. १७।२०७८।०७९ बसपार्कचोक देखि भन्सार चोक सम्म सडक असपाल्ट कंक्रिट निर्माण कार्य को लागि पालिका र निर्माण व्यवसायी कुटुम्ब – तुलसी जे.भी. वीच कवोल अंक रु २,४९,०५,९७९।८५ को मिति २०८०।०३।३१ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।०३।०२ मा सम्झौता भएको छ ।

**क . म्याद थप :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवद्यी थप सम्वन्धि व्यवस्था रहेको छ । नगर कार्यपालिकाको मिति २०८०।०४।२८ को निर्णय अनुसार मिति २०८१।०२।३० सम्म म्याद थप भएको छ । नियमानुसार काम सम्पन्न गर्नुपर्ने अवधिभन्दा २१ दिन अगाडि सम्वन्धित निर्माण व्यवसायीले अवधि थपकालागि निवेदन दिनुपर्नेमा म्याद थपकालागि निर्माण व्यवसायीवाट मिति २०८०।०४।०२ मा निवेदन दिएको छ । निवेदनमा काममा ढिलाई हुनुको कारण समेत उल्लेख भएको छैन । कार्यपालिकावाट निर्णय गराई पुष्टयाई वेगर एकमुष्ट म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५६.२ **ख . पेश्की फर्छ्यौट :** खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा सम्झौता रकमको ३०% ले हुने रकम वरावरको काम भएको पहिलो ठेक्का विलवाट पेश्की फर्छ्यौट शुरु गर्नुपर्ने र ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छ्यौट गर्नुपर्ने र स्वीकृत ठेक्का अवधिको ८०% अवधिभित्र सम्पूर्ण पेश्की रकम फर्छ्यौट गरिसक्नुपर्ने व्यवस्था छ । यस निर्माण

कार्यको विल भुक्तानी दिँदा निम्नानुसार खरिद सम्झौतामा भएको व्यवस्थाभन्दा कम पेश्की कट्टी गरेको देखियो । खरिद सम्झौताको परिपालना गरी समयमा पेश्की फर्छ्यौट गर्नुपर्दछ ।

| गो.भौ. | विल संख्या | भुक्तानी रकम | पेश्की फर्छ्यौट हुनुपर्ने | पेश्की फर्छ्यौट भएको |
|---|---|---|---|---|
| ८६।०८०।०९।२९ | २ | ३४,७५,५३६ | १३,९०,२१४ | ० |
| २९०।०८१।०३।०२ | ३ | ५२,८७,२७८ | २१,१४,९११ | ५,००,००० |
| | जम्मा | ८७,६२,८१४ | ३५,०५,१२५ | ५,००,००० |

५७ **उपभोक्ता समितिः**

५७.१ **उपभोक्ता समिति दर्ताः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था पालिकाले यो वर्ष विभिन्न १२७ उपभोक्ता समितिसँग सम्झौता गरी रु.५२२४४४८२.८२ खर्च गरेको पाईयो ।उपभोक्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ।

५७.२ **उपभोक्ता समितिको अभिलेखः** उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा कार्यालयले आयोजना संचालन एवंम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्ने उल्लेख छ। पालिकाले आयोजना संचालन एवंम कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख राखेको छैन। जसकारण एउटै व्यक्ति, एकै परिवारका व्यक्ति एकभन्दा बढि आयोजनामा संलग्न भएको तथा कुन कुन उपभोक्ता समितिले तोकिएको समयमा कार्यसम्पन्न गरेको र कुन कुन उपभोक्ता समितिले समयमा कार्यसम्पन्न नगरेको यकिन हुन सक्ने देखिएन।

५७.३ **जटिलसंरचना निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

**(विस्तृत विवरण बेरूजु दफा ५७.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७.४ **उपभोक्ता समितिबाट भएको कामको गुणस्तरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा प्राविधिकले योजनाको Labor and Material Breakdown नगरेको, उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन। आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

५७.५ **मर्मत सम्भार कोषः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा

लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक् ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत, सम्भार गर्नुपर्ने व्यवस्था रहेको छ। तर सम्पन्न आयोजना मर्मत सम्भारका लागि कुनै उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन। अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ।

५७.६ **उपभोक्ता समितिबाट निर्माण गरीएका निर्माण कार्यको एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। यस वर्ष उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन तथा सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। सम्पन्न योजनाको एजविल्ट नक्सा तयार नगरेकोले नियममा भएको व्यवस्था अनुसार कार्य हुनुपर्दछ।

५७.७ **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावलीको नियम (१२) उपनियम (११) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समिति मार्फत हालसम्म गरिएको कुनै आयोजनाको स्वामित्व सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन। जुन चाहि दिगो विकास तथा जनसहभागिताको मर्म विपरीत हुनुको साथै निर्मित आयोजनाको रेखदेख तथा मर्मतमा अन्यौलता सिर्जना गरेको देखिन्छ। तसर्थ, कार्यालयले सम्झौताको समयमा नै उक्त कानुनी व्यवस्थाको बारे उपभोक्तासंग अन्तरक्रिया गरी वास्तविक लाभग्राहीलाई मात्र आयोजना संचालन गर्न दिनुपर्दछ। जसबाट उपभोक्ताबाट हुने कार्यमा निर्माण व्यवसायीको संलग्नता कम हुन जान्छ।

५७.८ **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) अनुसार लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अनुसार तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न योजनाहरूका लागि कंक्रिटका कामको नर्म्स अनुसार दरविश्लेषण गर्दा इन्धनको खर्च छुट्टै समावेश गरेकोमा Equipment Hire Rate मा समेत इन्धन समावेश गरेको देखियो । इन्धनको दोहोरो भुक्तानी हुने देखिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| उपभोक्ता समिति | | काम | परिमाण | भुक्तानी भएको दर | भुक्तानी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ब्रम्हकुमारी विश्वविद्यालय भवन ढलानको निर्माण उ स | | ***PCC M20*** | ३५.६५ | १२००८.५५ | १२४७७.१० | १६७१९.८५ |
| लालपुर पक्की मचान निर्माण उ स | | ***PCC M20*** | १४.४६ | १२००८.५५ | १२४७७.१० | ६७७५.२३ |
| **जम्मा** | | | | | | **२३४९५.०** |

| असुल गर्नुपर्ने | २३,४९५ |
|---|---|

५८ **उपभोक्ता समितिलाई वढी भुक्तानी**

गो.भौ. ११।२०८१।०३।२३ सार्वजनिक खरिद निमावली, २०६४ को नियम १२३(१.ख) मा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कालिका मा.वि. दुई कोठे भवन निर्माण कार्यको लागि पालिका र कालिका मा.वि. दुई कोठे भवन निर्माण उ.स. वीच सम्झौता रकम रु २२,५२,७६१।०२ को मिति २०८१।०३।१५ मा काम सम्पन्न गर्नेगरी मिति २०८१।०१।१६ सम्झौता भएको छ । यस निर्माण कार्यको प्रथम तथा अन्तिम विल वापत रु १९,७५,०२३।०० भुक्तानी भएको छ । Item no.4. Laying of first class local chimney made bricks in 1:4 c/s mortar masonry and levels वापत घटाउनुपर्ने परिमाण जोडजम्मा गरी भुक्तानी दिएकोले वढी भुक्तानी भएको छ । यस कार्यको लागि ३५.८३ घ.मी. भुक्तानी हुनुपर्नेमा ४१.०६ घ.मी. भुक्तानी भएकोले ५.२३ घ.मी. वढी भुक्तानी भएको छ । वढी भुक्तानी भएको परिमाण ५.२३ घ.मी. को प्रति घ.मी. रु १३,३८५।७१ का दरले हुने रकम रु ७०,००७ सम्वन्धित उपभोक्ता समितिवाट असुल हुनुपर्दछ रु.....

| असुल गर्नुपर्ने | ७०,००७ |
|---|---|

५९ **पेश्की व्यवस्थापन**

**पेश्की घटी कट्टी :** ठे.नं. ५।०७८।७९ राजापुर वडा नं. ५ पहाडीपुरदेखि वडा नं. १० लालपुर सम्म सडक कालोपत्रे निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी वज्र गुरु-नेपाल मेगा- विरेन्द्र अम्मर निर्माण जे.भी. वीच कवोल अंक रु ४,५५,४०,९५७।१९ को मिति २०७९।१२।०७ मा काम सम्पन्न गर्ने गरी मिति २०७९।०१।०२ मा सम्झौता भएको छ । खरिद सम्झौताको विशेष शर्तको बुदाँ नं. जीसीसी ५७.३ मा सम्झौता रकमको ३०% ले हुने रकम वरावरको काम भएको पहिलो ठेक्का विलवाट पेश्की फर्छयौट शुरु गर्नुपर्ने र ठेक्का सम्वन्धी प्रत्येक मासिक विलवाट ४०% का दरले पेश्की फर्छयौट गर्नुपर्ने र स्वीकृत ठेक्का अवधिको ८०% अवधिभित्र सम्पूर्ण पेश्की रकम फर्छयौट गरिसक्नुपर्ने व्यवस्था छ । खरिद सम्झौताको परिपालना गरेको देखिएन । गो.भौ. २०८१।०३।२४ वाट चौथो रनिङ्ग विल वापत रु ३१,६९,६५०।०० भुक्तानी गर्दा सम्झौता वमोजिम रु १२,६७,८६०।०० पेश्की फर्छयौट हुनुपर्नेमा रु. ५,००,०००।०० मात्र पेश्की फर्छयौट भएको छ । आ.व. २०८०।८१ को अन्त्यमा पेश्की फर्छयौट गर्न वाँकी रु ७५,००,०००।०० रहेको छ । आ.व. २०७९।८० मा प्रथम रनिङ्ग विल वापत रु १,४६,५७,२३५।९३ भुक्तानी भएको जुन कवोल अंकको ३०% भन्दा वढी रहेकोमा समेत पेश्की फर्छयौट भएको देखिएन । यसवाट निर्माण व्यवसायीलाई लाभ हुने देखिन्छ । खरिद सम्झौता वमोजिम पेश्की कट्टी हुनुपर्दछ ।

६० **राजश्व दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने सो भन्दा बढी ढिला गरेको भए दश प्रतिशतले जरिवाना गरी दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहायका वडा कार्यालयहरुले संकलन गरेको आन्तरिक राजश्व रकम महिना समाप्त भए पछिमात्र ढिला गरी दाखिला गर्ने गरेको देखियो ।

| वडा नं. | संकलित रकम |
|---|---|
| १ | १००२८५२ |
| २ | १२०४५३१.४९ |
| ३ | १४०५४७८.२२ |
| ४ | ३३३१९२२ |
| ५ | १७८६२२३.३८ |
| ६ | १२८३८२०.९६ |
| ७ | ७४०९६४.५८ |
| ८ | १४७४३०९.८१ |
| ९ | ८५९१३९.५८ |
| १० | १४११८८०.८२ |

पालिका भित्रका १० वडाहरुको नमुना छनौट गर्दा वडा पालिकाहरुको राजस्व संकलन गरेर महिना समाप्त भए पछिमात्र बैंक दाखिला गर्ने गरेकोले देहायअनुसार वडाहरुको राजस्व असुली तोकेको समय भन्दा ढिलो गरी बैंक दाखिला गरेको नियमानुसार जरिवाना सहित

असुल गर्नुपर्ने अन्यको सम्बन्धमा तहाँ कार्यालयबाट यकिन गर्नुपर्ने ।

| वडा नं. | संकलन गरेको मिति | बैंक जम्मा गरेको मिति | संकलित रकम | जरिवाना रकम |
|---|---|---|---|---|
| १ | ०८०।५।१ देखि २०८०।५।३१ | २०८०।६।१४ | ७२६३७ | ७२६३.७ |
| | ०८०।६।१ देखि २०८०।६।३० | २०८०।७।१४ | ५८९८२ | ५८९८.२ |
| २ | ०८०।५।१ देखि २०८०।५।३१ | २०८०।६।१० | ८३०९६.३३ | ८३०९.६३ |
| | ०८०।६।१ देखि २०८०।६।३० | २०८०।७।१२ | ६६९५२.१९ | ६६९५.२२ |
| ३ | ०८०।५।१ देखि २०८०।५।३१ | २०८०।६।१० | १६३०१९.०५ | १६३०१.९१ |
| | ०८०।७।१ देखि २०८०।७।३० | २०८०।८।१२ | ६७०७६.५७ | ६७०७.६६ |
| ४ | ०८०।९।१ देखि २०८०।९।२९ | २०८०।१०।१६ | १२९९६३.१६ | १२९९६.३२ |
| | ०८१।१।१ देखि २०८१।१।३१ | २०८१।२।१६ | १३५७३४.४७ | १३५७३.४५ |
| ५ | ०८०।५।१ देखि २०८०।५।३१ | २०८०।६।१० | १९७६१३.३६ | १९७६१.३४ |
| | ०८०।६।१ देखि २०८०।६।३० | २०८०।७।१३ | १०६४८९.९२ | १०६४८.९९ |
| ६ | ०८०।६।१ देखि २०८०।६।३० | २०८०।७।१२ | १०८८०५ | १०८८०.५ |
| | ०८०।९।१ देखि २०८०।९।२९ | २०८०।१०।१० | ८२४३४ | ८२४३.४ |
| ७ | ०८०।६।१ देखि २०८०।७।३० | २०८०।८।१२ | ७९११९.५९ | ७९११.९६ |
| | ०८१।२।१ देखि २०८१।२।३२ | २०८१।३।१४ | ८७४३२.८८ | ८७४३.२९ |
| ८ | ०८०।५।१ देखि २०८०।५।३१ | २०८०।६।२१ | १९८८५१.८४ | १९८८५.१८ |
| | ०८०।११।१ देखि २०८०।११।३० | २०८०।१२।१३ | ७७४१३.४५ | ७७४१.३५ |
| ९ | ०८०।५।१ देखि २०८०।५।३१ | २०८०।६।१४ | ६५५१३.०८ | ६५५१.३१ |
| | ०८१।२।१ देखि २०८१।२।३२ | २०८१।३।११ | १११५२७.६२ | १११५२.७६ |
| १० | ०८०।७।१ देखि २०८०।७।३० | २०८०।८।१० | ४८१०३.५ | ४८१०.३५ |
| जम्मा | | | | १९४०७६.५२ |

## ६१ प्राकृतिक श्रोत उत्खनन कार्ययोजना

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको सङ्कलन, उत्खनन् र बिक्री गर्दा उत्खनन् र सङ्कलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगर कार्यपालिकाबाट स्वीकृत गर्नु पर्ने, प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्वीकृत गर्ने, गराउने, प्रत्येक वर्ष ठेक्का वन्दोवस्त गर्नुपूर्व स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित परीमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अध्यावधिक गरी पुनः यकीन गर्ने, गाउँसभा वा नगरसभाद्वारा स्वीकृत दरमा उत्खनन्, सङ्कलनको अनुमती र बिक्रीको लागि ठेक्का व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष नदीजन्य पदार्थ उत्खनन सम्बन्धी कार्ययोजना तयार गरेको पाइएन । समयमा नै कार्ययोजना तयार गरी वातावरणीय अध्ययन प्रतिवेदन अनुसारको परिमाणमा नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र निकासी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

## ६२ असुली गर्न बाँकी आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तरगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायि तथा आयोजनाबाट रु.११२४३०८। असुल गर्न बाँकी रहेको छ । तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| ठेकेदार गणेश चौधरी राजापुर ८ बर्दिया | पार्किङ शुल्क | ७००१०० | ३५००२५ | ३५००२५ |
| वडा सचिव अन्जु थारु | बालुवा संकलन (ढिलो दाखिला गरेको जरिवाना) | ४६५०० | ४८५०० | २६५० |
| कर्णाली नदी व्यवस्थापन आयोजनाको ठेकेदार एन.एस वायन खुम चन्द्र जेभि | ढुङ्गा,गिट्टि बालुवा | ७१९१०० | ० | ७१९१०० |
| रोड लोडर | भाडा | ४८३२१७ | ४७४५३४ | ८६८३ |
| जम्मा | | | | १०८०४५८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८०,४५८ |

### ६३ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यो कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका १० वडामा १० योजना सञ्चालन गरी यस वर्ष २१७ जनालाई औसत ४२.७३ दिनले रोजगारी उपलव्ध गराई रु.६१९४०००। श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

### ६४ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५,सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. १९८५९४२६२। निकासा भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश गरेको छ । पालिकाले सामाजिक सुरक्षा भत्ता प्रथम त्रैमासिक बाहेक तीन त्रैमासिकमा ई एफ टि मार्फत वितरण गर्ने गरेको पाइयो ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : राजापुर नगरपालिका, बर्दिया , राजापुर नगरपालिका , बर्दिया

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | महेन्द्रजंग शाहि | २०७७-१०-४ | २०८१-१-१४ |
| कार्यालय प्रमुख | दशरथ बुढा | २०८१-१-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | बसन्त मल्ल | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,१०१,५७६ | १,७१८,६२२ | ३९२,४३२.१ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,२१२,६३०.१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ५६४,०६४ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ५,६४८,५६६.१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५४६९६५७३.२ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१२५५८६९१.५ | चालु खर्च | ४७५६७७६५०.९ |
| प्रदेश सरकारबाट अनुदान | ३०७७९९३९ | पूँजीगत खर्च | २२२९५६४२१ |
| राजश्व बाँडफाँट | १२३१४२४९३.९ | वित्तीय/अन्य व्यवस्था | २४३१४८५६९.४ |
| आन्तरिक आय | ६४००१७५९.०२ | | |
| अन्य आय | २४९४०५५२४ | | |
| कुल आय | ८७९८८८४०७.४२ | कुल खर्च | ९४१७८२६४१.३ |
| बाँकी मौज्दात | | ९२८०२३३९.३२ | |

## अनुसूची - २

## बेरूजु दफा ५७.३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४/२०८०/१२/२७ | त्रिवेणी बजार क्रमागत कबर्डहल निर्माण उपभोक्ता समिती | ब्याडमिन्टन कबर्ड हल अधुरो निर्माण | २५९७०४६.० |
| २ | १७०/२०८१/०१/१० | ब्रम्हकुमारी विश्वविद्यालयको भवन ढलान उपभोक्ता समिती | ब्रम्हकुमारी विश्वविद्यालयको भवन ढलान | १४८८४११.० |
| ३ | २२५/२०८१/०२/१८ | कालाबन्जर अधुरो सामुदायिक भवन निर्माण उपभोक्ता समिती | कालाबन्जर अधुरो सामुदायिक भवन निर्माण | ५०००००.० |
| ४ | १५८/२०८०/१२/२६ | लालपुर पक्की मचान निर्माण उपभोक्ता समिती | पक्की मचान निर्माण | ५७९७७६.० |
| ५ | ३११/२०८१/०३/११ | आनन्दनगरको अधुरो सामुदायिक भवन निर्माण उपभोक्ता समिती | आनन्दनगरको अधुरो सामुदायिक भवन निर्माण | ४७९५००.० |
| ६ | ४११/२०८१/०३/२२ | झबही चर्चको अधुरो संरचना निर्माण उपभोक्ता समिती | झबही चर्चको अधुरो संरचना निर्माण | १४७०१३७.० |
| ७ | २०८/२०८१/०२/०१ | दुर्गानगर अधुरो सामुदायिक भवन निर्माण उपभोक्ता समिती | दुर्गानगर अधुरो सामुदायिक भवन निर्माण | ७४०५७४.० |
| ८ | १९८/२०८१/०१/२८ | झप्टी सामुदायिक भवन निर्माण उपभोक्ता समिती | झप्टी सामुदायिक भवन निर्माण | ४८७७७२.० |
| ९ | **१९/२०८१/०३/२३** | श्री कालिका का वि चनौरा उ स दुई कोठे भवन निर्माण | श्री कालिका का वि चनौरा दुई कोठे भवन निर्माण | १९७५०२३.० |
| १० | ४००/२०८१/०३/२२ | ह्युम पाईप खरिद तथा जडान उपभोक्ता समिती | ह्युम पाईप खरिद तथा जडान | ९९४७८६.० |
| **जम्मा** | | | | **११३१३०२५.** |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ । कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ । निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ । यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ । म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ । निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ । स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ । नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ । अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ । एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ । समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।